Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- १६ २०८१ साल मंसिर १८ गते मंगलबार (Dec 3, 2024) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# उपराष्ट्रपति यादवद्वारा गढीमाई मेला शुभारम्भ



**काठमाडौं–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले बारा जिल्लास्थित प्रसिद्ध शक्तिपीठ गढीमाई मन्दिर परिसरमा हरेक पाँच वर्षमा लाग्ने 'श्री गढीमाई पञ्चवर्षीय मेला' को आज शभारम्भ गरेका छन् । गढीमाई मन्दिर परिसरमा आयोजित विशेष समारोहमा उनले मेला शुभारम्भ गर्नुभएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

उक्त अवसरमा उपराष्ट्रपति यादवले धर्मपत्नी चम्पादेवी र परिवारका अन्य सदस्यसहित गढीमाई मन्दिरको दर्शन तथा पूजा आराधना गरे । उपराष्ट्रपति यादवलाई मन्दिर परिसरमा पूर्वमन्त्री, पूर्वसांसद्, स्थानीय सुरक्षा अधिकारी, गढीमाई मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिका पदाधिकारी, सम्बन्धित नगरपालिका तथा बाराका अन्य पालिकाका जनप्रतिनिधि तथा उपस्थित श्रद्धालु भक्तजनले स्वागत गरेका थिए ।

उपराष्ट्रपति यादवले गढीमाई मेलाको अवलोकन गर्नुका साथै मेलाको व्यवस्थापनबारे मूल समितिका अध्यक्ष उपेन्द्रप्रसाद यादवसहितका पदाधिकारी तथा सुरक्षाकर्मीसँग जानकारी लिँदै मेला सफलताको कामना गर्नुभएको उपराष्ट्रपति कार्यालयले जनाएको छ ।

# उप-निर्वाचनमा ककस्ले मारे बाजी

■ मोहन कार्की

यतिवेला नेपालमा उप-निर्वाचनको मत परिणाम लगभग आईसकेको छ । जसमा विगतमा जितेका पार्टीहरुले पुनः त्यस ठाउँमा अर्को पार्टीले जितेका छन् । परिणाम मिश्रित आएको छ । यस पटक रास्पाले समेत स्थानीय निकायमा खाता खोलेको छ । काठमाडौको १६ नं. वडामा राष्ट्रिय स्वतन्त्र पार्टीले वडा अध्यक्षमा खाता खोलेको हो । उक्त वडाको रिना डंगोलले अन्य दलहरुलाई परास्त गरी परिवर्तनको पक्षमा नेतृत्व गर्ने अवसर प्राप्त गरेकी हुन् ।




## कहा कस्ले कति जिते त ?

काङ्गेसः १ मेयर र १६ वडाध्यक्ष, माओवादी केन्द्रः १ अध्यक्ष, १ उपमेयर, २ उपाध्यक्ष र ७ वडाध्यक्ष
एमालेः १ अध्यक्ष, २ उपाध्यक्ष र ५ वडाध्यक्ष
जसपाः २ वडाध्यक्ष
एस, नेमकिपा, रास्वपा र स्वतन्त्रः १/१ वडाध्यक्ष

## उप निर्वाचन २०८१ मा कस्कोमा कस्ले जितेः

१. काठमाडौं : कीर्तिपुर नगरपालिका प्रमुख (०७९ मा कांग्रेसले जितेको ) हाल पनि नेपाली काग्रेसले नै विजय हाशिल गरेको छ ।
२. जाजरकोट : नलगाढ नगरपालिका उपप्रमुख (०७९ मा कांग्रेसले जितेको )
अहिले २०८१ मा माओवादीको जित हाशिल गरेको छ ।
३. दैलेख : महाबु गाउँपालिका अध्यक्ष (०७९ मा कांग्रेसले जितेको )
हाल २०८१ मा एमालेको जित हाशिल गरेको छ ।
४. बाजुरा : स्वामीकार्तिक खापर गाउँपालिका

# टिकट काटेर धरहरा चढ्नेको सङ्ख्या बढ्यो

**काठमाडौं–** टिकट काटेर धरहरा चढ्नेको सङ्ख्या ६ हजार नाघेको छ । एक साताको अवधिमा ६ हजार ९२८ जनाले स-शुल्क टिकट लिएर धरहरा चढेको धरहरा सञ्चालन इकाई कार्यालय प्रमुख महेश राईले जानकारी दिए ।

हाल दैनिक औसत १२०० जनाको सङ्ख्यामा स-शुल्क टिकट लिएर धरहरा चढ्ने गरेको राईको भनाई छ । सरकारले मङ्सिर १० गतेदेखि स-शुल्क धरहरा सञ्चालनमा ल्याएको छ । दैनिक एक हजार २५० को सङ्ख्यामा चढ्न पाउने व्यवस्था गरेको छ ।

हाललाई अनलाइन टिकट काट्ने व्यवस्था बन्द रहेकाले भौतिक रूपमा उपस्थित भई टिकट लिएर धरहरा चढ्ने व्यवस्था छ । केही दिनमा अनलाइन



टिकटको व्यवस्था सञ्चालनमा ल्याउने राईले बताए ।


# एमालेले सात जिल्लाको अधिवेशन गर्न बाँकी

**काठमाडौं** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले सात जिल्लामा अधिवेशन गर्न बाँकी रहेको छ । एमाले निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले बाँकी रहेका जिल्लाको अधिवेशन यही महिनाभित्र सम्पन्न गर्ने बताए ।

मोरङ, सिरहा, सप्तरी, धनुषा, अछाम, बझाङ र डोटी जिल्लाको अधिवेशन गर्न बाँकी छ । गत जेठ मसान्तमा जिल्ला अधिवेशन गर्नुपर्ने भए पनि सदस्यता वितरण र आन्तरिक विवादका कारण ती जिल्लाको अधिवेशन निर्धारित समयमा हुन नसकेको अध्यक्ष डा सुब्बाले बताए । उनले बझाङ जिल्लाको अधिवेशनको समय यही महिनाको अन्तिममा तोकिएको र बाँकी जिल्लाको अधिवेशन पनि चाँडै तोकिने बताए ।




पार्टीले अधिवेशन हुन बाँकी रहेका सबै जिल्ला कमिटीलाई यही मङ्सिर महिनाभित्र अधिवेशन गर्न निर्देशन दिएको अध्यक्ष डा सुब्बाले बताए । "मङ्सिर महिनामा अधिवेशन सक्नुपर्ने हो । जिल्ला कमिटीले मिति तोकेर आउनुपर्दछ", उनले भने, "अनि हामीले निर्वाचन गराउने हो ।" अहिलेसम्म ७० जिल्लाका जिल्ला अधिवेशन सम्पन्न भएका छन् ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १६, २०८१ साल मंसिर १८ गते मंगलबार (Dec 3, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### सहकारी ठगी प्रकरण नियत होकी नियती हो ?

यतिवेला सवैको ध्यान राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व गृहमत्री रवि लामिछानेलाई सहकारी ठगी आरोपमा बिभिन्न जिल्लाहरुमा नाटकीय रुपमा बयानका लागि घुमाईराखिएको छ । सरसरती हेर्दा ठुलै ठगी गरेको जस्तो भान गराउन खोजिएको होकी भन्ने आशंकाहरु उठ्न थालेका छन् । जोकी गोर्खा मिडियासँग सम्बन्धित जाहा जस्ले कारोबार गरेको भएपनि त्यस ठाउँमा रवि लामिछानेलाई आरोप लगाएर छानविनका लागि लगिराखिएको छ ।

कानुनी रुपमा उनि दोषि हुन भनेत यति धेरै सकस दिनु पर्ने नै थिएन होला । उनलाई मोफसलका सवै क्षेत्रमा डुलाउने गोप्य रुपमा अल्पना नगरिएको जिल्लाहरुमा समेत अनुसन्धानको लागि भनेर लैजाने कार्यले सर्व साधारण नागरिकलाई समेत तिन छक पार्न लागेको छ ।

उनलाई प्रहरीको घेराभित्र राखेर गलाउन वा फसाउन पुरानै चलन अपनाएको होकी भन्ने आशंका उत्पन्न भईरहेका छन् । नेपाल प्रहरीले विगतमा ढुङगापनि बोल्छ भन्ने ठाउँमा लगेर निअपराधिलाई पनि अपराधी दरार गराउने गरेको वेला वेलामा सञ्चार माध्यमले समाचार बनाउने गरेका थिए । त्यसैगरी रास्वपाका सभापति रवि लामिछानेलाई पनि फसाउनका लागि नक्कली उजुरीकर्ताहरु जिल्ला जिल्लामा खडा गरेर मानसिक रुपमा भौतिक रुपमा कमजोर बनाई औठाछाप लगाए पछि सकियो । हो त्यस्तै योजनामा ठाडो सरकारको निर्देशनमा यस्ता गतिविधि भईरहेको हो भन्ने जन मानसमा पर्दै गएको देखिन्छ ।

अर्कोतर्फ नेपाली काँग्रेसका उप-सभापति धनराज गुरुडको विषयमा छानविन नहुने, सरकारमा भएका पार्टीका नेताको नाम जोडिएका मुद्दाहरुमा अनुसन्धान नहुने तर रविकै लागि छानविन समिति बनेको जसरी कामहरु भएको भन्ने आम मानिसमा कुराहरु फैलन थालेका छन् ।

देशको न्याय र अन्याय छुट्टयाउने अदालत भएपनि कतिपय विषयमा कागज बोल्ने देश नेपालमा बैज्ञानिक आधारहरु केही पनि छैनन् । त्यसकारण जनताको पक्षमा काम गर्न लागेको गरेको जस्ता विषयलाई नै राजनीतिक प्रतिसोधको रुपमा वर्तमान गठबन्धन सरकारले विपक्षी पार्टीका रवि लामिछाने माथि गरेको दमन जनताले ठान्न थालेकाछन् । जनताले रवि लामिछानेलाई अन्याय गरेको विषयमा आक्रोस बोकेर सडकमा निस्के भने त्यो आक्रोसलाई सरकारको सयन्त्रले समेत थेग्न नसकेर सरकारका पदाधिकारीहरु नेपाल छोडेर भाग्नुपर्ने दिन आउन सक्छ । नेपालको ईतिहासमा अर्को एउटा अनौठो ईतिहास बन्न सक्छ । त्यसैले वेलैमा सम्बन्धित निकायको ध्यान जे सत्य हो त्यता तिर लागेर निकास दिन लागोस् ।

# मुलुकको वर्तमान अवस्थामा राजसंस्थाको खाँचो



चन्द्र काफ्ले

> “चुनावमा आफ्नो घोषणापत्रलाई जनताबाट अनुमोदन गराएर सत्तामा गएका दलहरूले सरकार सञ्चालन गर्दा जनतालाई जुन सेवा-सुविधा दिनुपर्ने हो, त्यो दिन सकिरहेका छैनन् । प्रमुख पार्टीहरू नै सरकार बनाउने र गिराउने खेलमा समय व्यतीत गरिरहेका देखिन्छन् । यसो हुँदा सार्वभौम सम्पन्न जनताले आमचुनावमा दिएको मतको दुरूपयोग भइरहेको छ । यस मानेमा सरकारले प्रजातान्त्रिक उत्तरदायित्व पूरा नगरेको स्पष्ट हुन्छ ।”

मुलुक यति बेला गम्भीर अवस्थामा छ । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्र डामाडोल छ । विदेशीहरुको राजनीतिक हस्तक्षेप व्यापकरुपमा बढेर गएको छ । आर्थिक समृद्धिको नारा लगाउने सरकारले जनताको आर्थिक अवस्था सुधार्न कुनै काम गरेको देखिँदै न । युवाहरु दिनानुदिन विदेश पलायन भइरहेका छन् ।

यस्तो अवस्थामा जनता सरकारप्रति आक्रोश व्यक्त गरिरहेका छन् । रोजिरोटीको अभाव भएका निमुखा जनता कराइरहेका छन् । दुर्गम पहाडी क्षेत्रहरुमा खाद्यान्नको अभाव, स्वास्थ्यसम्बन्धी उपचारको अभावको कारणले गरिब, निमुखा जनता पीडित भइरहेका छन् । जनतामा अहिले राजनीतिक व्यवस्थाप्रति भरोसा टुट्दै गएको अवस्था छ । विद्रोही भावना पैदा भइरहेको देखिन्छ । सरकारमा बस्ने पार्टीका शीर्षस्थ नेताहरु नै ठुल्ठूला भ्रष्टाचारका काण्डमा मुछिएका छन् । सत्तासीन पार्टीका नेताहरु सरकार निकट व्यक्तिहरुले जतिसुकै कसुर गरे पनि, भ्रष्टाचारमा चुर्लुम्म ढुबे पनि अनुसन्धानको दायरामा नल्याई निजलाई ढाकछोप गर्न बचाउन सरकार लागेको छ ।

सर्वसाधारणका पीडा, समस्याहरुलाई सार्वजनिकरुपमा उठाउने र तिनको समाधान हुनुपर्छ भन्ने आवाज उठाउने अभियन्ताहरु नागरिक समाजका व्यक्तिहरु, प्रतिपक्षका नेताहरुलाई सरकारको निर्देशनमा पूर्वाग्रही बनेर धरकपड गर्ने, प्रकाउ गर्ने, थुनामा राख्ने अभियान नै सरकारले चलाइरहेको छ । कानुनी राज्यमा कसैले सार्वजनिक पदमा बसेर गैरकार्य गर्छ, राष्ट्रघाती कार्य गर्छ, भ्रष्टाचार गर्छ भने तिनको विरुद्ध कुनै पनि नेपाली नागरिकले आवाज उठाउन सक्छ । कारबाहीको माग गर्न सक्छ, प्रश्न उठाउन सक्छ । त्यस्तो प्रश्न उठेको अवस्थामा कानुनबमोजिम अनुसन्धान हुनुपर्नेमा उल्टो यस्तो आवाज उठाउनेहरुको आवाज बन्द गर्न व्यापक धरकपड गर्ने र पक्राउ गरी नागरिकको वैयक्तिक स्वतन्त्रता हनन गर्ने कार्य सरकारी तवरबाट भइरहेको देखिन्छ । यस्तो विकराल अवस्थामा कुनै पनि बेला सरकार र वर्तमान राजनीतिक व्यवस्थाको विरुद्धमा मुलुकभित्र विद्रोह हुने प्रबल सम्भावना छ ।

हाम्रो देशमा भ्रष्टाचार र राजनीतिक नेताहरु पर्यायवाची बेनका छन् । राज्यका प्रत्येक सार्वजनिक पदमा बस्नेहरु कुनै न कुनै पदमा भ्रष्टाचारमा संलग्न रहेको कुरा प्रेस जगतले बारम्बार छापेका समाचारले पुष्टि गर्छ । देशभित्र भ्रष्टाचार दुई किसिमको देखिन्छ । एउटा नीतिगत भ्रष्टाचार र अर्को आफूलाई फाइदा हुने गरी घुस रिसवत लिने र राष्ट्र र समाजलाई नोक्सान हुने काम गर्ने । राजनीतिक नेता एवं सरकारमा बस्ने व्यक्तिहरु आफूलाई फाइदा लिने उद्देश्यले ऐन, कानुन, नियमहरुको निर्माण गर्ने र त्यसको आडमा राष्ट्र र समाजलाई आर्थिकरुपमा कमजोर बनाउन त्यस्ता ऐन, कानुन, निर्णयका आडमा काम कारबाही र गतिविधि गरिरहेका छन् । भुटानी शरणार्थी प्रकरण, ललितानिवास प्रकरण यसका उदाहरण छन् ।

हाम्रो देशमा सार्वजनिक पदमा बस्ने व्यक्तिले भ्रष्टाचार गरेमा तिनलाई अनुसन्धान गर्ने र मुद्दा चलाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन हुने संवैधानिक अवस्था छ । यही व्यवस्थाअनुसार अख्तियारको गठन भएको हो । उक्त आयोगमा स्वच्छ छवि भएका ऐन, कानुन, संविधानको ज्ञान भएका, भ्रष्टाचारको निर्मूल गर्न प्रतिबद्ध भएका सक्षम व्यक्तिहरु पुग्नुपर्ने प्रचलित कानुनले व्यवस्था गरेको देखिन्छ । तर उक्त आयोगमा सत्ता पक्षका निकटतम व्यक्ति आफूले पहिले काम अराएका, खटाएका कर्मचारीहरु र आफू सत्तामा हुँदाखेरि भ्रष्टाचारलाई अन्देखा गरेर कारबाही नचलाउन गोप्य सम्झौता गरी पठाइएका व्यक्तिहरु पुग्ने गरेको पाइन्छ । यस्तो भएको हुनाले यस्ता व्यक्तिहरुबाट भ्रष्टाचारमा कारबाही हुने अपेक्षा गर्न सकिन्न । केही सक्षम व्यक्तिहरु अख्तियारमा पुगे पनि एक्लो बृहस्पति झुटो भएका छन् । भ्रष्टाचार नियन्त्रणको कारबाहीमा अख्तियारले जुन सक्रियता देखाउनुपर्ने हो, त्यो देखाउन सकेको छैन । अर्को कुरा, अख्तियारमा केही गरौं भन्ने मान्छे पुगे पनि तिनलाई सरकारको तर्फबाट कुनै सहयोग प्राप्त नभएकोले उनीहरुले सक्रिय रुपमा काम गर्ने परिस्थिति छैन । यो कारणले गर्दा देशमा भ्रष्टाचार झाङ्गिँदै गएको छ । दण्डहीनताले प्रश्रय पाउँदै गएको छ, जसको कारण देशमा भ्रष्टाचार नियन्त्रण होइन मौलाउँदै गएको छ ।

देशभित्र महँगी व्यापकरुपमा बढेको छ । जुन रुपमा देशभित्र उत्पादन हुनुपर्ने हो, उत्पादन गर्ने जनशक्तिको अभाव र सरकारी बेवास्ताको कारणबाट कृषिक्षेत्रले जुन रुपमा उत्पादन गर्नुपर्ने हो, त्यो गर्न सकेको छैन । त्यसको परिणामस्वरुप दैनिक उपभोग्य वस्तुलगायत जनतालाई आवश्यक पर्ने वस्तुहरु विदेशबाट आयात गरेर ल्याउनुपर्ने अवस्था छ । नेपाली मुद्राको दाँजोमा विदेशी मुद्रा महँगो हुने भएको र त्यस्तो महँगो मुद्रा खर्च गरेर सामानहरु आयात गर्नुपर्दा देशमा चिज, वस्तु महँगो हुनै नै भयो । यस्तो अवस्थामा विदेशबाट ल्याएको महँगो वस्तु खरिद गर्ने क्रयशक्ति जनतामा अभाव छ । नेपालको अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै हो । आज नेपालको कृषिक्षेत्रले नेपालीहरुलाई पुग्ने खाद्यान्नसमेत उत्पादन गर्न सकेको छैन । त्यही कृषिक्षेत्रले रोजगारीको अवसर पनि उपलब्ध गराउनेमा कृषिक्षेत्रलाई सरकारले प्राथमिकता नदिएको कारण र जनशक्तिको अभावमा हाम्रा खेतबारी बाँझा हुँदै गएका छन् । किसानले बाली लगाउन सकेका छैनन्, जसबाट कृषि उत्पादनमा व्यापक कमी हुँदै गएको छ । उत्पादनमा कमी हुनु र माग बढी हुँदा बजारभाउ स्वतन्त्र बढ्ने नै भयो । यसको मार कम आय भएका व्यक्तिहरुमाथि परेको छ ।

यसै मेसोमा राज्य व्यवस्था सञ्चालन गर्ने जिम्मा लिएका प्रमुख राजनीतिक दलको गतिविधि सही ढंगले चलेको देखिँदैन । प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक परिचालन गर्ने, जनतालाई सुसूचित गर्ने माध्यम भनेको राजनीतिक दलहरु नै हुन् । तर यी राजनीतिक दलहरु प्रजातान्त्रिक आदर्श र सिद्धान्तका प्रतिकूल उल्टो बाटो हिँडिरहेको देखिन्छ । संसदीय प्रजातान्त्रिक व्यवस्था सत्ता सरकारको, संसद् प्रतिपक्षको भन्ने मान्यता राखिन्छ । नेपालमा सरकार को र प्रतिपक्ष को हो भन्ने कुरा छुट्याउन गाह्रो छ । सबैभन्दा बढी सिट ल्याउने पार्टीले सरकार चलाउने र त्यसपछि दोस्रो बढी सिट ल्याउने पार्टी प्रतिपक्षमा बस्ने र निरन्तररुपमा सरकारको खबरदारी गर्ने कार्य गर्नुपर्नेमा दुवै बढी सिट ल्याउने दलहरु मिलेर सरकार चलाइरहेको अवस्था छ ।

यसबाट प्रतिपक्षको भूमिका कमजोर हुँदै गएको देखिन्छ । जुन संसदीय मूल्य र मान्यता विपरीतका कुरा हो । यस्तो अवस्थाबाट सरकार जनउत्तरदायी हुनुको सट्टा निरंकुश हुँदै जाने खतरा बढ्दै गएको छ । यसबाट नेपालको प्रजातन्त्र कमजोर हुँदै जाने पक्का छ । अर्को कुरा, चुनावमा आफ्नो घोषणापत्रलाई जनताबाट अनुमोदन गराएर सत्तामा गएका दलहरुले सरकार सञ्चालन गर्दा जनतालाई जुन सेवा-सुविधा दिनुपर्ने हो, त्यो दिन सकिरहेका छैनन् । प्रमुख पार्टीहरु नै सरकार बनाउने र गिराउने खेलमा समय व्यतीत गरिरहेका देखिन्छन् । यसो हुँदा सार्वभौम सम्पन्न जनताले आमचुनावमा दिएको मतको दुरुपयोग भइरहेको छ । यस मानेमा सरकारले प्रजातान्त्रिक उत्तरदायित्व पूरा नगरेको स्पष्ट हुन्छ ।

नेपालमा राजसंस्था पुनर्स्थापित गर्न कुनै व्यक्ति वा कुनै पार्टीको रहरले हुने होइन । राजसंस्था पुनर्स्थापित हुन केही निश्चित मूल्य र मान्यताहरुको बारेमा विचार गनुपर्ने हुन्छ । नेपालको भूराजनीतिक अवस्था, सामाजिक, सांस्कृतिक मूल्य र मान्यताहरु नेपालका स्वतन्त्रताहरु हुन् । यी कुराहरुमा हामीले व्यापकरुपमा चिन्तन, मनन र बहस गर्नु जरुरी छ । नेपाल हामी सबै नेपालीको साझा घर हो । यसले नै हामीलाई बास दिन्छ, गाँस दिन्छ अनि कपास र सुरक्षा दिन्छ । र, यस्तो घरको सुरक्षा गर्नु हामी सबैको अहं दायित्व हो । तसर्थ यो साझा घरको सुरक्षाको लागि हामीले के-कस्तो व्यवस्थाको अथवा संस्थाको स्थापना गर्नुपर्दछ, यो गम्भीररुपमा सोच्ने बेला आएको छ । मेरो विचारमा नेपाललाई दीर्घकालसम्म सुरक्षित राख्न, शान्ति र सुरक्षा कायम राख्न, मुलुकको अस्तित्व जोगाउन र हाम्रा सामाजिक, सांस्कृतिक मान्यताहरुको जगेर्ना गर्नु अति आवश्यक छ ।

यसको लागि एउटा भरपर्दो, स्थायी र राष्ट्र अनि जनता सर्वोपरि हो भन्ने मान्यता बोकेको संस्थाको आवश्यकता बढ्दै गएको मुलुकको परिस्थितिले देखाइरहेको छ । यो भूमिमा नेपाल अधिराज्यको निर्माण, एकीकरण, विविध भाषा, संस्कृति र धर्ममा समन्वयकारी भूमिका निर्वाह गर्दै आएको र विगत केही वर्षअघि पाखा लागाइएको नेपाली राजसंस्थाको आवश्यकता नेपाली जनताले अहिले पनि महसुस गर्दै आएका हुन् । यदाकदा राजसंस्थाको ठाउँमा जनताको छोरो राष्ट्रपति हुन पाएको छ भन्ने विचार व्यक्त गरेको पनि सुनिन्छ तर हामीले यतिका वर्ष अभ्यास गरिआएको राष्ट्रपतीय प्रणालीले नेपालका आवश्यकतालाई परिपूर्ति गर्न सक्ने पाइएन । राष्ट्रपतिले पार्टीकै नीति, विचार बोकेर काम गरेको तीतो अनुभव हामीसँग छ । त्यसैले पार्टीगत विचारबाट माथि उठेको सम्पूर्ण नेपालीलाई समानरुपमा व्यवहार गर्ने एउटा राष्ट्रिय संस्था नेपाली राजसंस्था हुन सक्छ भन्ने मेरो मान्यता हो ।

(लेखक काफ्ले वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।)

# पशुपति क्षेत्रमा माछामासु, मदिरा र नशालु पदार्थ प्रतिबन्ध



**काठमाडौं–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले बालाचतुर्दशी पर्वको सुरक्षालाई ध्यानमा राखेर तीन दिन पशुपति क्षेत्रमा माछामासु मदिरा, नशालुपदार्थको उत्पादन, बिक्री तथा सेवनमा प्रतिबन्ध लगाएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बालाचतुर्दशी पर्व शतवीजारोपण पर्व, २०८१ लाई मध्यनजर गर्दै मङ्सिर १३ देखि १५ गतेसम्मका लागि माछामासु, मदिरा तथा नशालुपदार्थहरू उत्पादन, बेचविखन, ओसारपसार, भण्डारण र सेवन गर्नसमेत नपाउने गरी निषेध गरिएको जानकारी दिएका हुन् ।

कसैले निषेध गरिएको गतिविधि गरेको पाइएमा कारबाही गर्ने काठमाडौं प्शासनले चेतावनी दिएको छ । काठमाडौं प्रशासनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘ बालाचतुर्दशी पर्वको सुरक्षाका लागि पशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्रभित्र सुरक्षालगायत धार्मिक, सांस्कृतिक, मर्यादा र पवित्रता कायम राखे उद्देश्यले देहाएका चार किल्लाभित्र कसैले पनि मासु, मदिरा तथा नशालुपदार्थहरू उत्पादन, बेचविखन, ओसारपसार, भण्डारण र सेवन गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३० बमोजिम पूर्णरूपमा रोक लगाइएको छ ।’

‘कोही कसैले यो सूचनाको बर्खिलाप हुने गरी कुनै काम गरेमा प्रचलित कानुन बमोजिम कारबाही भइजाने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ’, विज्ञप्तिमा भनिएको छ । काठमाडौं प्रशासनका अनुसार गौशाला, मित्रपार्क सडकदेखि पूर्वपशुपति क्षेत्रको पूर्वसिमानादेखि पश्चिम, गौशाला तिलगङ्गा चक्रपथदेखि उत्तर, मित्रपार्क(उमाकुण्ड)गौरीघाट हुँदै गुह्येश्वरीदेखि दक्षिणलगायत पशुपति क्षेत्रको सबै भूभागमा माछामासु, मदिरा तथा नशालुपदार्थहरू उत्पादन, बेचविखन, ओसारपसार, भण्डारण र सेवन गर्न नपाउने जानकारी गराइएको छ ।

# कालीगण्डकी डाइभर्सन योजना अगाडि बढ्छ : अर्थमन्त्री

**भैरहवा–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कालीगण्डकी–तिनाउ डाइभर्सन योजना अगाडि बढाउने बताएका छन् । लुम्बिनी प्रदेशको विकासका लागि महत्त्वपूर्ण रहेको कालीगण्डकी–तिनाउ डाइभर्सन अगाडि बढाउन अदालतले बाटो खोलिदिएकाले अब छिट्टै काम अघि बढ्ने उनको भनाइ थियो ।



भैरहवामा रहेको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिसर्च सेन्टर श्री रण अम्बिका आँखा अस्पतालको ४२औं अस्पताल स्थापना दिवस समारोह तथा आधुनिक शल्यक्रिया भवन शिलान्यास कार्यक्रममा अर्थमन्त्री पौडेलले यस क्षेत्रकै लागि महत्त्वपूर्ण रहेको योजनाको डीपीआर निर्माणकै क्रममा केही पक्षले मुद्दा हालेकोमा अहिले अदालतले उक्त योजना अगाडि बढाउने पक्षमा फैसला गरेको बताए ।

‘राम्दीबाट सुरुङ खनेर कालीगण्डकीको पानी दोभानमा तिनाउ नदीमा खसाल्ने र रुपन्देही, नवलपरासी र कपिलवस्तुमा डेढ लाख हेक्टरभन्दा बढी जग्गामा सिँचाइ सुविधा विस्तार गर्ने योजना हो,’ उनले भने, ‘यससँगै करिब डेढ सय मेगावाट बिजुली उत्पादन गर्ने, पानी प्रशोधन गरि पिउनेयोग्य बनाउने र पर्यटन प्रवर्द्धनमा समेत सदुपयोग हुनेछ ।’

अर्थमन्त्री पौडेलले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको नियमित सञ्चालनका विषयमा नकारात्मक कुरा नफैलाउन पनि आग्रह गरेका छन् । उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल रुपन्देहीका लागि मात्र नभइ नेपालकै लागि महत्त्वपूर्ण रहेको बताउँदै यसको सञ्चालन कुनै पनि हालतमा नरोकिने जिकिर गरे ।

‘कसैलाई यो विमानस्थलको बारेमा बोल्न संकोच लाग्छ भने यसको विरोध पनि नगरे हुन्छ’, उनले भने, ‘हुन्न, बन्दैन, चल्दैन किन भन्ने ? सक्नुहुन्छ अलिकति योगदान गर्नुहोस, यसबारे सकारात्मक विषय लेखिदिनुहोस् ।’

नेपाल नेत्रज्योति संघद्वारा विसं २०४० मङ्सिर १३ गते स्थापना गरिएको नेपाल नेत्रज्योति संघ, श्री लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर श्री रण अम्बिका शाह आँखा अस्पतालले विगत ४२ वर्षदेखि अनवरत रुपमा आँखा रोगका बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

हाल यस अस्पतालले दैनिक औसतमा एक हजार दुई सय बहिरङ् सेवा तथा एक सय ५० आँखा रोगसँग सम्बन्धित विभिन्न शल्यक्रिया गर्दै आइरहेको नेपाल नेत्रज्योति संघ रुपन्देहीका अध्यक्ष कमलराज जोशीले बताए ।

आँखाको सुन्दरता बनाउने शल्यक्रिया, आँखाको नानी प्रत्यारोपण, आँखाको पर्दा, न्यून दृष्टि आँखाको व्यायाम, बालशंखा उपचार सेवालगायतका विशिष्टकृत सेवा पनि अस्पतालले उपलब्ध गराउँदै आएको छ ।

अस्पतालको शल्यक्रिया भवनको श्री नव सिर्जनशील कन्स्ट्रक्सन कम्पनी प्रालीसँग पहिलो चरणको कार्य दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी रु २२ करोड २९ लाख, १० हजार ९७ मा कार्य सम्झौता गरिएको छ । भवनमा बिरामीको सुविधाका लागि करिब ९० शय्या क्षमताको जनरल वार्ड, डिलक्स कोठासमेत ३० कोठासहितको अन्तरंग विभाग हुनेछ । भवनमा उच्चस्तरीय सुविधायुक्त करिब १२ कोठा रहेको शल्यक्रिया कक्ष हुनेछ ।

# प्रधानमन्त्रीसमक्ष सूचना आयोगको वार्षिक प्रतिवेदन पेस

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०८०र०८१ को १६ औं वार्षिक प्रतिवेदन पेस गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले बिहीबार प्रधानमन्त्री ओलीसमक्ष प्रतिवेदन पेस गरेका हुन् ।

उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत् सङ्घीय संसदमा प्रस्तुत गरिने व्यवस्था छ । सोही अवसरमा आयोगको वर्तमान नेतृत्वको पाँच वर्षे कार्यकालमा भएका ‘महत्वपूर्ण आदेश सङ्ग्रह’ को प्रधानमन्त्री ओलीबाट सार्वजनिक गरिएको छ ।

प्रधानमन्त्री ओलीले सूचनाको हकलाई वास्तविक हकका रुपमा स्थापित गर्दै सरोकार पक्षलाई आवश्यक सूचना दिने काममा सरकार र आयोगबीच सहकार्य हुनुपर्ने बताए ।

साथै उनले लोकतन्त्रका पक्षमा सक्दो कार्यान्वयन गर्दै अराजकतालाई भने निरुत्साहन गर्नुपर्नेमा जोड दिए । प्रमुख आयुक्त गुरुङले आफूहरुको पाँच वर्षको कार्यकालमा पाँच हजार एक सय ८२ पुनरावेदन प्राप्त भएकामा ९५ प्रतिशत फर्स्योट गरिएको जानकारी गराए ।

## रामेछाप डायरी

# रामेछापमा आमा समूहले सुरू गरे गर्भवती पोषण नाङ्लो कार्यक्रम



**रामेछाप-** रामेछापको खाँडादेवी गाउँपालिका-३ का स्वास्थ्य आमा समूहहरूले नीजि खर्चमा गर्भवती पोषण नाङ्लो कार्यक्रम सुरु गरेका छन् ।

सो वडामा रहेका विभिन्न समूहले गर्भवती महिलालाई लक्षित गरी यो कार्यक्रम सुरु गरेको हो । गर्भवती महिलाको पोषण सुरक्षाका लागि यो कार्यक्रम सुरु गरिएको जनाइएको छ ।

स्थानीय ईश्वर स्वास्थ्य आमा समूह सुनुवार खोकले, लालुपाते स्वास्थ्य आमा समूह कुतुर्षा, देवी स्वास्थ्य आमा समूह कम्राती, जनज्योती स्वास्थ्य आमा समूह सित्खाटार, जनचेतना स्वास्थ्य आमा समूह, जनसेवा स्वास्थ्य आमा समूह सित्खा र बगैंचा सेतीदेवी स्वास्थ्य आमा समूहलगायतले यस्तो कार्यक्रम सञ्चालन गरिरहेका भिरपानी स्वास्थ्य चौकी आँपचौरका स्वास्थ्यकर्मी नारायणकृष्ण श्रेष्ठले जानकारी दिए ।

हालसम्म यी समूहले २४ जनाभन्दा बढीलाई पोषण सामग्री हस्तान्तरण गरिसकेका छन् । ‘हरेक बार खाना चार’ भन्ने मूल नाराका साथ सुत्केरी तथा गर्भवती महिलालाई उक्त कार्यक्रममार्फत नीजि खर्चमा पोषण समग्री हस्तान्तरण गर्दै आइएको ईश्वर स्वास्थ्य आमा समूहकी सचिब एवं महिला स्वास्थ्य स्वयम्सेविका तेजकुमारी सुनुवारले जानकारी दिइन् ।

# धनुषाको एक स्टोरमा आगलागी हुँदा ४० लाखको क्षति

**जनकपुरधाम–** धनुषाको बटेश्वर गाउँपालिका-३ स्थित कुशवाहा जेनरल स्टोर्समा आगलागी भएको छ ।

मंगलबार राति करिब साढे ७ बजेतिर रामकुमार महतोले घरमै सञ्चालन गरेको जेनरल स्टोर र कुशवाहा टपरी उद्योगसमेत जलेको छ ।टपरी उद्योगमा तयार भएको ड लाखको टपरीसहित कच्चा पदार्थ, जेनरल स्टोर्समा रहेको पेपर प्लेट, पानी ग्लास, चिया ग्लासलगायत जलेर ४० लाख भन्दा बढीको क्षति भएको पीडित महतोले बताए ।



आगलागी स्थानीय, क्षिरेश्वरनाथ नगरपालिका र दंगा प्रहरी गण ढल्केवरको वारुणयन्त्रले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहले बताए ।

# नासु र खरिदारको सरुवा बन्द, बढुवाको लागि मात्रै दुर्गम जान अंकुश

**काठमाडौं–** सरकारले राजपत्र अनंकित प्रथम (नासु) र द्वितीय श्रेणी (खरिदार)का कर्मचारीहरुको सरुवामा रोक लगाएको छ ।

बढुवाको अंकका लागि केही समय मात्रै दुर्गममा सरुवा भएर जाने प्रवृत्ति बढेपछि नासुको सरुवाको सहमति माघ समान्तसम्म रोकिएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खरिदारहरुको सरुवा लागि फागुन मसान्तसम्म सहमति नदिने निर्णय गरेको छ ।



संघीय मामिला मन्त्रालयले मन्त्रालय, आयोग, सचिवालय र कार्यालयहरुलाई पत्राचार गर्दै सरुवामा रोक लगाएको हो । निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापनसम्बन्धी संघीय मामिला मन्त्रालयले गर्दै आए पनि सम्बन्धित मन्त्रालय र निकायहरुले आन्तरिक रुपमा आफ्ना इकाइहरुमा कर्मचारी सरुवा गर्न सक्छन् ।

लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम यो खरिदार र नायव सुब्बा वा सो सरहको पदहरूमा विज्ञापन प्रकाशित हुने (खुल्ला प्रतिस्पर्धा तथा बढुवा) समय हो । तर, लामो समय समयदेखि सुगम स्थानमा बस्ने र प्रतिस्पर्धाभन्दाको समयभन्दा ठीक अघि बढुवा मिलाउन मात्र दुर्गममा जाने विकृति यही बेला मौलाएको छ ।

यसरी बढुवा प्रयोजनका लागि मात्रै दुर्गममा सुरुवा भएर जाने क्रम देखिएको भन्दै मन्त्रालयले विभिन्न निकायहरुबाट सरुवा सहमतिसमेत माग भई आउने गरेको भन्दै सरुवामा नै रोक लगाइदिएको हो ।

यसले गर्दा लामो समयसम्म दुर्गममा काम गरेकाहरु पीडित बन्ने अवस्था छ । बढुवा सूचना प्रकाशित हुनुभन्दा तत्काल अगाडि सरुवा गरी पठाउँदा लामो समयदेखि दुर्गम स्थानमा बसेर सेवा गरी आएका कर्मचारीहरुलाई बढुवा प्रयोजनार्थ मर्का पर्ने गरेको छ ।

‘लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम राजपत्र अनंकित प्रथम/द्वितीय श्रेणी(नायब सुब्बा/खरिदार वा सो सरह)का पदहरूमा विज्ञापन(खुला प्रतिस्पर्धा तथा बढुवा) प्रकाशित हुने समयलाई दृष्टिगत गर्दै लामो समय देखि सुगम स्थानमा रही कामकाज गरिरहेका कर्मचारीहरू बढुवा प्रयोजनको लागि मात्र दुर्गम स्थानका निकायहरूमा सरुवा भई जाने क्रम देखिएको छ’ सोमबार प्रकाशित सूचनामा भनिएको छ ।

सूचनामा अगाडि भनिएको छ, ‘सोको लागि विभिन्न निकायहरूबाट सरुवा सहमति माग भई आउने गरेको पाइएकोले यसरी विज्ञापन (खुला प्रतिस्पर्धा तथा बढुवा)प्रकाशित हुने समयभन्दा तत्काल अगाडि राजपत्र अनंकित प्रथम/द्वितीय श्रेणी(नायब सुब्बा/खरिदार वा सो सरह)का कर्मचारीहरूलाई सरुवा गर्दा लामो समयदेखि दुर्गम स्थानमा बसी सेवा गरी आएका कर्मचारीहरूको बढुवा प्रयोजनार्थ मर्का पर्ने देखिएको छ ।’

# ईसेवा मनि ट्रान्सफरको ब्रान्ड प्रवर्द्धकमा दिपेन्द्र सिंह ऐरीको निरन्तरता



**काठमाडौं ।** नेपालको अग्रणी डिजिटल रेमिट्यान्स कम्पनी ईसेवा मनि ट्रान्सफरले आफ्नो ब्रान्ड प्रवर्द्धकका रूपमा नेपाली क्रिकेटर दिपेन्द्र सिंह ऐरीलाई पुनः अनुबन्ध गरेको छ ।

बिगत एक वर्षदेखि ईसेवा मनि ट्रान्सफरको ब्रान्ड प्रवर्द्धकका रूपमा अनुबन्धित भएका ऐरीसँगको सम्झौताको अवधि पुनः थप गरिएको हो । यही मंसिर १४ गते एक कार्यक्रमबीच ईसेवा मनि ट्रान्सफरको प्रधान कार्यालय पुलचोक, ललितपुरमा कार्यालयका प्रमुख कार्यकारी अधिकृत अजेश कोइराला र दिपेन्द्र सिंह ऐरीबीच पुन ब्रान्ड प्रवर्द्धक सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

कार्यक्रममा ब्रान्ड प्रवर्द्धक दिपेन्द्र सिंह ऐरीले ईसेवा मनि ट्रान्सफरसँगको यात्रालाई निरन्तरता दिन पाउँदा खुसी व्यक्त गरे । सम्झौता अनुसार ऐरीले ईसेवा मनि ट्रान्सफरले प्रदान गरिरहेको डिजिटल रेमिट्यान्स सेवाको प्रचार गर्दै 'ब्राण्ड प्रवर्द्धक' को रुपमा कार्य गर्ने छन् ।

ईसेवा मनि ट्रान्सफरका प्रमुख कार्यकारी अधिकृत अजेश कोइरालाले नेपाली क्रिकेटलाई अगाडि बढाउनमा महत्त्वपूर्ण योगदान दिँदै आएका प्रमुख खेलाडी दिपेन्द्र सिंह ऐरी जस्ता प्रतिभाशाली व्यक्तित्वलाई ब्रान्ड प्रवर्द्धकका रूपमा निरन्तरता दिन पाउनु आफैंमा गर्वको विषय भएको बताए ।

सन् २०१९ मा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त ईसेवा मनि ट्रान्सफरले परम्परागत शैलीका साथै डिजिटल माध्यमबाट पनि विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । इसेवा वालेट, बैंक तथा वित्तीय संस्था, र आफ्ना भुक्तानी केन्द्रहरूको माध्यमबाट सेवा दिने यो कम्पनी, एफवान सफ्ट ग्रुपअन्तर्गतको भगिनी संस्था हो । जसले नेपालभर फिनटेकमा आधारित भुक्तानी प्रणालीलाई सशक्त बनाउँदै आएको छ ।

# नेशनल लाईफको मिट द सिइओ कार्यक्रम सम्पन्न

**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कं.लि.ले मासिक योजना अन्तर्गत तोकिएको लक्ष्य पुरा गर्ने अभिकर्ताहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतसंग साक्षात्कार सहितको डिनर कार्यक्रम "मिट द सिइओ" कार्यक्रम सम्पन्न गरेकोछ।

लुम्बिनी प्रदेशबाट योग्य भएका करिब ५५ जना अभिकर्ताहरु, विभागिय प्रमुख, एवं लुम्बिनी प्रदेश अन्तर्गत रहेका शाखा प्रमुखहरुको सहभागितामा प्रमुख कार्यकारी अधिकृतले लक्ष्य पुरा गर्ने सबै अभिकर्ताहरुलाई मायाको चिनो प्रदान गर्नु भएको थियो साथै स्किमा व्यवस्था भए अनुरुप अर्लि क्वालिफायर विजेता र सर्टिपिकेट अफ एक्सिलेन्स प्राप्त गर्न सफल अभिकर्ताहरुलाई विशेष सम्मान गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृतले यस कार्यक्रममा छनौट हुने सम्पुर्ण अभिकर्ताहरुलाई प्रदेश स्तरिय सम्मान गर्ने क्रममा लुम्बिनी प्रदेशबाट छनौट हुने अभिकर्ताहरुलाई सम्मान गर्नुभएको हो ।

समारोहमा प्रमुख कार्यकारी अधिकृतले समय सान्दर्भिक योजनाहरु प्रस्तुत गर्ने क्रममा मिट द सिइओ स्किम ल्याइएको र नेपालभर बाट ३०० भन्दा बढि अभिकर्ताहरु छनौट भएकोमा लुम्बिनी प्रदेशबाट मात्रै ५५ जना अभकिर्ताहरु छनौट हुन सफल भएकोले यस स्किममा जोडिने सम्पुर्ण अभिकर्ताहरुलाई हार्दिक बधाई ज्ञापन गर्नुभयो ।




कार्यक्रममा सहभागि अभिकर्ताहरुले कम्पनीका प्रमुख कार्यकारी अधिकृत समक्ष बीमा व्यवसायमा भोगेका समस्या, गुनासा, कम्पनीले सुधार गर्नुपर्ने पक्षहरुका बारेमा विस्तृत रुपमा छलफल गर्न पाएकोमा खुशी व्यक्त गरेका थिए ।

यस योजनाले अभिकर्ता र सिइओ दुवैलाई प्रत्यक्ष रुपमा जोडी अर्न्तक्रिया गर्ने अवसर जुराउँदा अभिकर्ता तथा कम्पनी दुवै पक्षलाई हित हुने भएकोले यस प्रकारको योजना आगामी दिनहरुमा पनि ल्याउनु पर्ने सुझाव दिएका थिए ।

# महालक्ष्मी विकास बैंकद्धारा सामाजिक उत्तरदायित्व कार्यत्रम सम्पन्न

**काठमाडौं–** महालक्ष्मी विकास बैंकले शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, पुर्वाधार निर्माण सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य जस्ता विभिन्न क्षेत्रहरुमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने निति अनुरुप बैंकले विभिन्न्न कार्यक्रमहरु सम्पन्न गरेको छ ।

वटा डष्टबिन वितरण गरिएको हो । बैंकको सामुदायिक सरसफाईमा योगदान पुऱ्याउने दीर्घकालिन प्रतिबद्ता अनुरुप यस किसिमको सहकार्य गरिएको हो ।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यलाई निरन्तरता स्वरुप ललितपुर रत्न तथा आभुषण संघ र रोटरी क्लब अफ पाटन हेरिटेजसँगको सहकार्यमा सांस्कृतिक गहना र सम्बन्धित कलाकृतिहरुको प्रदर्शनका

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

सोही अन्तर्गत महालक्ष्मी विकास बैंकका विभिन्न कार्यालयमा रहेका डिस्पोजेबल कागजहरु राउण्ड टेबल नेपाल र महालक्ष्मी विकास बैंकको प्रत्यक्ष निगरानीमा तोकिएका कागज उत्पादक कम्पनीलाई पुनः प्रशोधनको लागि दिने र सो मार्फत प्राप्त रकम गरिब तथा असहाय विधार्थीहरुको शिक्षामा पहुँच विस्तार गर्दै शैक्षिक विकासको लागि खर्च गर्ने गरी राउण्ड टेबल नेपाल सँग समझदारी गरेको छ ।

यसबाट बैंकले गर्दै आएको संस्थागत सामाजिक उत्तरदायित्व कार्य तथा राउण्ड टेबल नेपालले गर्दै आएको "बालबालिकालाई शिक्षित गरौं " भन्ने परियोजनामा थप टेवा पुग्नेछ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नैतिनकुने टोल सुधार समिति, काठमाण्डौंलाई फोहोर व्यवस्थापनमा सहयोग पुऱ्याउन डस्टबिन वितरण गरेको छ ।

४०० भन्दा बढी घर धुरी रहेको उक्त टोलमा स्वच्छता र हरियाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ ५० साथै विभिन्न रत्नादी भएको परम्परागत आभुषणहरुको प्रदर्शन गर्न आयोजित "पाटन हेरिटेज रनवे" आयोजना गर्न आर्थिक सहयोग गरेको छ ।

त्यसै गरी दैनिक कामकाजलाई सहज रुपमा सञ्चालन गर्न आवश्यक पर्ने कम्प्युटर, मनिटर, कम्प्युटर टेबल, कुर्ची जस्ता कार्यालय सामाग्री खरिद गर्न शिव मन्दिर, बसडिलवा, सिदार्थनगर, रुपन्देहीलाई बैंकले आर्थिक सहयोग गरेको छ । यस पश्चात मन्दिर व्यवस्थापनलाई कार्यालय व्यवस्थापन र पत्राचार गर्न सहज हुनेछ ।

बैंकले गर्दै आएका यस्ता संस्थागत सामाजिक उत्तरदायित्व कार्यहरुबाट समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।

# ज्योति विकास बैंक र ल्भ्इ Money Transfer बीच सम्झौता

**काठमाडौं–** ज्योति विकास बैंकले (ल्भ्इ :यलभथ त्वबलकाभच एचष्खबतभ ितष्तभम) नेपाल राष्ट्र बैंक (ल्च्य) द्वारा इजाजत प्राप्त मनी ट्रान्सफर अपरेटर (:त्इ) सँग नीतिगत साझेदारी गरेको छ ।

यो सहकार्यको लक्ष्य ग्राहकवर्गलाई सुगम र प्रभावकारी रेमिट्यान्स सेवाहरू प्रदान गर्ने हो । यस सम्झौता अन्तर्गत, विदेशबाट (ल्भ्इ) मनी ट्रान्सफरमार्फत पठाइएको रेमिट्यान्स रकम ग्राहकहरुले अब ज्योति विकास बैंकका नेपालभरिकै विभिन्न शाखाहरु मार्फत सजिलै प्राप्त गर्न सक्नेछन् ।

यो सहकार्यले रेमिट्यान्समा निर्भर रहने व्यक्तिहरू र परिवारहरूलाई छिटो, सुरक्षित, र सहज वित्तीय सेवाहरू सुनिश्चित गर्दछ । ल्भ्इ मनी ट्रान्सफरसँगको एकिकरणले बैंकको वित्तीय समावेशनलाई प्रवर्द्धन गर्न र वित्तीय समाधानका लागि विश्वसनीय साझेदारको रूपमा यसको स्थानलाई सुदृढ गर्न प्रतिबद्धता प्रदर्शन गर्दछ ।

ज्योति विकास बैंकले आफ्ना ग्राहकहरूको सहजताको लागि विभिन्न सहकार्यहरू गर्दै विविध सुविधाहरू उपलब्ध गराउँदै आएको छ । साथै, डिजिटलाइजेसन सेवालाई सक्रिय रूपमा प्रवर्द्धन गर्दै, बैंकले ग्राहकहरूलाई सुविधाजनक र सुरक्षित पहुँच प्रदान गर्नका लागि डिजिटल बैंकिङ प्लेटफर्महरूलाई थप व्यवस्थित र उन्नत बनाउँदै आएको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।




स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले प्रदान गरेका ५१ वटा बेबी वार्मर उपकरणहरु मार्फत हरेक वर्ष करिब १८८७ भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

यस्ता जीवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ ।

ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# लक्ष्मी सन्राईज क्यापिटलबाट शेयरधनीका लागि रु.७.७२ करोड बराबरको नगद लाभांश पारित

**काठमाडौं–** लक्ष्मी सन्राईज बैंकको पूर्ण स्वामित्वमा बैंकको सहायक कम्पनीका रुपमा संचालित लक्ष्मी सन्राईज क्यापिटल लिमिटेडले आफ्नो १४ औं वार्षिक साधारण सभा मिति २०८१/०७/१६ गते आइतबारका दिन लक्ष्मी कम्प्लेक्स हात्तीसार काठमाडौंमा भव्यताका साथ सम्पन्न गरेको छ ।




आ.व. २०८०/०८१ मा लक्ष्मी क्यापिटल मार्केट र सन्राईज क्यापिटल एक आपसमा गाभिई मिति २०८० पौष २३ गतेबाट संयुक्त कारोबारको थालनी गरिएको र दुई कम्पनीको मर्जर पश्चात कम्पनीको चुक्ता पुँजी रु.४८,८९,००,००० कायम भएको छ ।

वार्षिक साधारण सभामा प्रस्तुत भएका सामान्य प्रस्तावहरुमा आ.व. २०८०/०८१ कोवार्षिक प्रतिवेदन, सोही अवधिको आषाढमसान्तको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सम्बन्धी प्रस्ताव पारित गरियो र आ.व. २०८१/०८२ को लेखापरिक्षण कार्य सम्पन्न गर्न लेखा परिक्षक नियुक्ती गर्ने सम्बन्धमा निर्णय गरियो । साथै, मर्जर पश्चात आ.व. २०८०/०८१ को एकीकृत वासलात बमोजिम प्रति शेयर आम्दानी १९.६० प्रतिशत रहेकोमा वितरण योग्य आम्दानी १७.८९ प्रतिशत मध्येबाट आफ्ना शेयरधनीहरुलाई १५.७९ प्रतिशत अर्थात् रु.७,७१,९४,७३६.८० (१५ % कर बाहेक) नगद लाभांश वितरण गर्ने प्रस्ताव समेत पारित गरियो ।

तीन दशक भन्दा अधिक समयदेखि मर्चेण्ट बैंकिङ्ग सेवामा सकृयताका साथ संलग्न रहेको यस कम्पनीले हाल सम्म सबै भन्दा बढी संस्थाहरुको शेयर निष्काशन तथा बिक्री प्रबन्धकको कार्य सम्पन्न गरेको छ ।

हाल २० वटा कम्पनीहरुको शेयर निष्काशनको क्रममा रहेको छ । कम्पनीले करिब २५० जना ग्राहकहरुको ७० करोड भन्दा बढी रकमको पोर्टफोलियो व्यवस्थापन गर्दै आईरहेको छ र कम्पनीले करिव ३.५० लाख निक्षेप सदस्यहरुको डिम्याट खाता खोल्न सफल भएको छ ।

कम्पनीले करिब ७ अर्ब बराबरको ६ वटा बन्दमुखी म्युचुअल फण्ड र १ वटा खुल्लामुखी म्युचुअल फण्ड संचालन गर्दै आईरहेकोमा मिति २०८१/०२/२८ मा १ अर्ब २५ करोड रकम बराबरको सात वर्ष अवधिको लक्ष्मी इक्विटी फण्ड परिपक्व भई सात वर्षको अवधिमा ईकाईधनीहरुलाई जम्मा ६३.६५ प्रतिशत प्रतिफल प्रदान गर्न सफल भएको र परिपक्व भए पश्चात सोका ईकाइधनीहरुलाई रु ११.१४ प्रति ईकाइका दरले रकम फिर्ता भुक्तानी गरिएको । बाँकि ५ वटा योजनाले आ.व. २०८०/०८१ को मुनाफाबाट ४.५० देखि १२.५० प्रतिशत प्रतिफल वितरण गरेको छ ।

विशिष्टीकृत लगानी कोष सेवा अन्तर्गत एक अर्ब बराबरको लक्ष्मी सस्टनेवल ईनर्जी फण्ड स्वीकृती प्राप्त गरी उक्त फण्डले लगानीकर्ताहरुबाट करिब रु.४० करोड संकलन गरिसकेको, बाँकी रकम चालु आ.व. मा संकलन गर्ने लक्ष्यरहेको कम्पनीले जानकारी दिएको छ ।

# नेपाल मर्चेन्ट बैंकर्स संघका पदाधिकारीद्वारा नेपाल धितोपत्र बोर्डका नवनियुक्त अध्यक्षसँग भेटघाट

**काठमाडौं–** नेपाल मर्चेन्ट बैंकर्स संघको कार्यसमिति पदाधिकारीहरु द्वारा मिति २०८१ साल मंसिर महिना १३ गते नेपाल धितोपत्र बोर्ड (क्भ्द्यइल) का नवनियुक्त अध्यक्ष सन्तोष नारायण श्रेष्ठसँग भेटघाट कार्यक्रम सम्पन्न गरेको छ ।

ललितपुर खुमलटार स्थित नेपाल धितोपत्र बोर्डको कार्यालयमा आयोजना गरिएको उक्त भेटघाट कार्यक्रममा नेपाल मर्चेन्ट बैंकर्स संघका अध्यक्ष रामेन्द्र रायमाझी, निवर्तमान अध्यक्ष विजय लाल श्रेष्ठ, उपाध्यक्ष मनिष नारायण जोशी, महासचिव निर्मल भट्टराई, कोषाध्यक्ष शिभान्त राज पाण्डे, सदस्यहरु सन्दिप कार्की एवं पुष्प शर्माको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल मर्चेन्ट बैंकर्स संघका अध्यक्ष रामेन्द्र रायमाझी लगायतका कार्य समिति सदस्यहरुले समग्र पुँजी बजार लाई स्वच्छ, पारदर्शी, भरपर्दो र विश्वासिलो बनाउन, लगानी कर्ताको हक हित संरक्षण गर्न तथा समग्र धितोपत्र बजारलाई समयसापेक्ष विकास



र विस्तार गर्न आधुनिक प्रविधि मैत्री बनाई नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

साथै, नेपाल धितोपत्र बोर्डका नवनियुक्त अध्यक्ष सन्तोष नारायण श्रेष्ठले समग्र पुँजीबजारलाई स्वच्छ, पारदर्शी तथा समय सापेक्ष आधुनिक प्रविधिमैत्री बनाई नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

# खेलकुद

## मुजफ्फरपुरलाई चन्द्रपुर मेयर कपको उपाधि




**रौतहट** – संघर्ष युवा क्लब चन्द्रनिगाहपुरले आयोजना गरेको प्रथम चन्द्रपुर मेयर टी- २० लिग क्रिकेट टुर्नामेन्टको उपाधि भारतको मुजफ्फरपुरले हात पारेको छ ।

चन्द्रपुर-८ स्थित कोटीहोम खेल मैदानमा सोमबार भएको फाइनल खेलमा मुजफ्फरपुरले रौतहटको माधवनारायण नगरपालिकालाई ४५ रनले पराजित गरेको हो ।

पहिला ब्याटिङ गरेको मुजफ्फरपुरले २० ओभरमा ८ विकेटको नोक्सानीमा १ सय ३५ रन बनाएको थियो । राजकुमारले ३२ बलमा सानदार ४० रन बनाए । इमरान नाजिरले २५ बल खेली २८ रन बनाए । माधवनारायणका बलर चन्दन ठाकुरले २४ रन खर्चेर ३ विकेट लिए । अभिराज यादवले २४ रन दिएर २ विकेट लिए । रन्जित यादव, दीपेन्द्र साह र सतिश यादवले एक/एक विकेट लिए ।

मुजफ्फरपुरले दिएको १ सय ३६ रनको विजय लक्ष्य पछ्याएको माधवनारायण १५ ओभरमा ९० रनमै सीमित भयो । मुजफ्फरपुरका बलरले सानदार प्रदर्शन गरेका थिए । आशिष सिंहले २६ रन खर्चेर ४ विकेट, मयनक कुमारले १० रन खर्चेर २, मन्जय कुमारले २ र आशुतोष सिंहले १ विकेट हात पारे ।

माधवनारायणका चन्दन ठाकुर प्लेयर अफ सिरिज र रणवीर यादव बेस्ट ब्याटर भए । मुजफ्फरपुरका आदित्य कुमार बेस्ट बलर भए । मुजफ्फरपुरका राजाकुमार प्लेयर अफ द म्याच भए। विजयी टिम तथा उत्कृष्ट खेलाडीलाई चन्द्रपुर नगरपालिकाका मेयर सन्जय काफ्लेले ट्रफी र प्रमाणपत्र वितरण गरेका थिए ।

प्रतियोगितामा जिल्लाका ६ पालिका र भारतका दुई टिम सहभागी थिए ।

## गुरूङ एसियन प्यासिफिक सितोरियो करातेमा निर्वाचित

**काठमाडौं–** एसियन प्यासिफिक सितोरियो कराते महासंघको अध्यक्षमा नेपालका दावा गुरुङ निर्वाचित भएका छन् । सिंगापुरमासम्पन्न भएको महासंघको कंग्रेसले नेपाल सितोरियो कराते संघका अध्यक्ष रहेका गुरुङलाई निर्वाचित गरेको हो ।

उनी एसियन प्यासिफिकअन्तर्गत २८ राष्ट्रमध्ये खसेको २३ मतमध्ये १८ मत पाएर निर्वाचित भएका हुन् । गुरुङका प्रत्याशी फिलिपिन्सका उम्मेदवारले ८ मत पाएका थिए ।



सिंगापुरमा १६ औं एसियन प्यासिफिक प्रतियोगितापछि कंग्रेस भएको थियो । १६ औं एसियन प्यासिफिक करातेमा नेपालले २ स्वर्ण,२ रजत र ५ कांस्यसहित ९ पदक जितेको थियो ।

१७ औं एसियन प्यासिफिक सितोरियो कराते प्रतियोगिता कहाँ र कुन मितिमा आयोजना गर्ने भन्नेबारे एक महिनाभित्रमा निर्णय गरिने नेपाल सितोरियो करातेका संरक्षक युवराज लामाले जानकारी गराएका छन् । नेपाली टोली सोमबार स्वदेश फर्किएको छ ।

## त्रिविका विद्यार्थीलाई एनपीएलको टिकटमा ५० प्रतिशत छुट




**काठमाडौं–** शनिबारदेखि सुरू हुन लागेको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको टिकट खरिद गर्दा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले छुट पाउने भएका छन् ।

त्रिविमा अध्ययनरत विद्यार्थीहरूले एनपीएलको टिकट खरिद गर्दा ५० प्रतिशत छुट पाउने भएका हुन् । क्यानले शुक्रबार राति एक विज्ञप्ति जारी गर्दै यस्तो जनाएको हो ।

'प्रतियोगिता अवधिभरका लागि त्रिवि मैदान कीर्तिपुरमा हुने खेलहरूका लागि क्यान र त्रिभुवन विश्वविद्यालयबीच भएको सम्झौता अनुसार त्रिविमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूका लागि टिकट खरिदमा ५० प्रतिशत छुट कायम गरिएको छ', विज्ञप्तिमा भनिएको छ ।

क्यानले लिग चरणका खेलहरूमा जनरल टिकटको रु ३०० तथा भीआईपी टिकटको रु ५०० तोकेको छ । त्यसैगरी प्लेअफमा जनरलको ५०० र भीआईपीको ७०० रुपैयाँ तथा फाइनलको दिनमा सामान्यको ५०० र भीआईपी टिकटको १००० रुपैयाँ तोकिएको छ ।

८ टोली सम्मिलित एनपीएल शनिबारदेखि कीर्तिपुरस्थित टीयू क्रिकेट मैदानमा हुँदै छ । उद्घाटन खेलमा विराटनगर किंग्स र जनकपुर बोल्ट्स खेल्दै छन् ।

# ५७४ किलोमिटर नयाँ पाइपलाइनको अन्तिम परीक्षण सम्पन्न



**काठमाडौं–** आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) ले काठमाडौं उपत्यकामा मेलम्चीको पानी पुन: वितरण सुरु भएसँगै उपत्यकाका विभिन्न स्थानमा विच्छ्याइएका खानेपानी वितरण सञ्जालका नयाँ पाइपलाइनको अन्तिम परीक्षणलाई तीव्रता दिँदै आएको छ ।

जसअनुसार, काठमाडौं उपत्यकाका विभिन्न स्थानमा विच्छ्याइएका मध्ये थप १६ वटा खानेपानी वितरण सञ्जाल (डीएमए) का ५७४ किलोमिटर नयाँ पाइपलाइनको अन्तिम परीक्षण सफलतापूर्वक सम्पन्न भएको हो ।

निर्देशनालयबाट मेलम्ची उप-आयोजना २ अन्तर्गत विच्छ्याइएका त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर सहित काठमाडौं उपत्यकाका कूल ३३ वटा खानेपानी वितरण सञ्जालका जम्मा ९८० किलोमिटर नयाँ पाइपलाइनमध्ये थप ५७४ किलोमिटर नयाँ पाइपलाइनको अन्तिम परीक्षण सम्पन्न भएको छ । अन्तिम परीक्षण सम्पन्न भएका थप १६ वटा खानेपानी वितरण सञ्जालको स्वामित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गर्नका लागि हाल आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

यसअघि, पहिलो चरणमा ४ र दोस्रो चरणमा १० गरी १४ वटा खानेपानी वितरण सञ्जालका जम्मा ३५० किलोमिटर नयाँ पाइलाइनको अन्तिम परीक्षण सम्पन्न गरी त्यसको स्वामित्व बोर्डलाई हस्तान्तरण गरिसकिएको छ ।

बाँकी रहेका काठमाडौंका सुन्धारा र न्यूरोड क्षेत्रका विभिन्न स्थानका ३ वटा डीएमए हरूका ५६ किलोमिटर नयाँ पाइपलाइनको अन्तिम परीक्षण समेत यही डिसेम्बर महिनाभित्र सम्पन्न गर्ने गरी कार्य भइरहेको छ ।

निर्देशनालयबाट विच्छ्याइएका खानेपानी वितरण सञ्जालका प्राइमरी पाइपलाइन र ३३ वटा खानेपानी वितरण सञ्जालका नयाँ पाइपलाइन समेत गरी कूल १ हजार १० किलोमिटर नयाँ पाइपलाइन रहेको छ ।

यसैगरी, खानेपानी वितरण सञ्जालबाट खानेपानी वितरण हुँदै आएका नयाँ पाइपलाइनमा हालसम्म ६० हजार ८३१ वटा नयाँ मिटर समेत जडान गरिसकिएको छ ।

यसअघि, निर्माण सम्पन्न भई बोर्डलाई स्वामित्व हस्तान्तरण गरिएका पानीपोखरीहरू र थोक वितरण प्रणालीहरू हाल सञ्चालनमा रहेका छन् । साथै, खानेपानी वितरण प्रणालीका नयाँ पाइपलाइनबाट उपभोक्ताका घरघरमा समानुपातिक रूपमा खानेपानी वितरण हुँदै आएको छ र चुहावटको समस्या खासै देखिएको छैन ।

# सशस्त्रका सईको 'हत्या'मा प्रयोग भएको स्कर्पियो भारतीय

**काठमाडौं–** सशस्त्र प्रहरी बल नेपालका सई लक्ष्मणप्रसाद यादवलाई ठक्कर दिएर ज्यान लिने गाडी भारतीय नम्बर प्लेटको रहेको खुलेको छ ।





जिल्ला प्रहरी कार्यालय सिरहाले घटना भएपछि बढाएको अनुसन्धानका क्रममा उक्त स्कर्पियो भारतीय नम्बर प्लेटेको रहेको खुलेको हो। सिरहाका एसपी रमेश पण्डितले स्कर्पियोको नम्बर प्लेट भारतीय रहेको खुलेको अनलाइनबरलाई जानकारी दिए।

भारतीय नम्बर प्लेटको स्कर्पियो खुलेपछि सिरहा प्रहरीले भारतीय प्रहरीसँग समन्वय गरेर घटनाको अनुसन्धान अघि बढाएको छ । सिरहाको बरियापट्टी गाउँपालिका-१, कचनारी छोट्की टोलस्थित सीमा इलाका बोर्डर आउट पोस्ट(बीओपी) बाट सई यादवको कमाण्डमा गस्ती टोली खटिएको थियो। यो बीओपी प्रस्तावित सीमा सुरक्षा गुल्म इनर्वा मातहत पर्छ ।

यादवको कमाण्डमा पाँच जनाको गस्ती टोलीले आइतबार बिहान ३ बजेर १० मिनेट जाँदा स्कर्पियो गाडीमा मदिरा तस्कर भएको देखेको थियो । मोटरसाइकलमा गस्ती रहेको सई यादवको टोलीले नेपाल प्रहरीसमेतको संयुक्त टोलीले उक्त गाडीलाई पछ्याएको थियो ।

सो क्रममा मदिरा तस्कर समूहको स्कर्पियोले सई यादवलाई ठक्कर दिएर भारततर्फ फरार भएको थियो । स्कर्पियोको ठक्करबाट गम्भीर घाइते भएका सई यादवलाई नेपाल रेडक्रस सोसाइटी कचनारी उपशाखाको एम्बुलेन्समा राखी ३:४५ बजे प्रादेशिक अस्पताल लहान पुऱ्याइएको थियो । अस्पताल पुऱ्याएको १५ मिनेटपछि ४ बजे नै सई यादवको मृत्यु भएको थियो ।

४८ वर्षीय सई यादव सिरहाकै नरहा गाउँपालिका-४ ललभितियाका स्थानीय हुन् । सई यादवको मृत्यु भएपछि अनुसन्धान अघि बढाएको सिरहा प्रहरीले घटनामा संलग्न भएको आशंकामा दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ । पक्राउ परेका दुबै जना नेपाली रहेको एसपी पण्डितले बताए । उनीहरुमाथि अनुसन्धान भइरहेको र अहिले नै संलग्नता रहे/नरहेको भन्ने यकिन हुन बाँकी नै रहेको उनले बताए ।

सशस्त्रका सई यादवको मात्रै होइन २ वर्षअघि मदिरा तस्करकै समूहबाट एसएसबीका जवानले समेत ज्यान गुमाएका थिए । २०७९ भदौ १३ को राति मदिरा तस्कर समूहले नेपालबाट भारतर्फत मदिरा तस्करी गर्दै थियो ।

सिरहा नगरपालिका-२१ लगडिगोठबाट मदिराले भरिएको स्कर्पियो जीप तीव्र गतिमा जोगिया हुँदै जयनगरतर्फ जाँदै गरेको सूचना एसएसबीले पाएको थियो । भारतको मधुवती जिल्ला दलनीया प्रहरी चौकी अन्तर्गत जोगिया गाउँ प्रवेश गरेको मदिराले भरिएको उक्त जीपलाई एसएसबीका हेड कन्सटेबल देवराज शर्माले रोक्न खोजेका थिए ।

तर त्यो स्कर्पियो हेड कन्सटेबल शर्मालाई किच्दै अगाडि बढ्यो । एसएसबीका कन्सटेबल शर्माले घटनास्थलमै ज्यान गुमाए । त्यतिबेला भारतीय पक्षले सशस्त्र प्रहरीकै 'सेटिङ' मा भारततर्फ घरेलु मदिरा तस्करी हुने गरेको आरोप समेत लगाएको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १६, २०८१ साल मंसिर १८ गते मंगलबार (Dec 3, 2024)

# बगरफााट-भकिम्ली सडक : "ट्याक" खुलेको १७ वर्षपछि



**म्याग्दी (बेनी)–** म्याग्दी सदरमुकाम बेनीसँग जोडिएको हाँडेभिर-बगरफाँट-भकिम्ली सडकको मार्ग खुलेको करिब दुई दशकपछि सडक स्तरोन्नति गर्न सुरु भएको छ । विसं २०६४ मा कृषि सडकका रुपमा बेनीबजारदेखि बेनी नगरपालिका-२ को हाँडेभिर-बगरफाँट हुँदै भकिम्ली सडकको 'ट्र्याक' खुलेको थियो ।

ट्याक खुलेको करिब १७ वर्षपछि बगरफाँटदेखि दुधेखोला हुँदै भकिम्ली जोड्ने सडकलाई स्तरोन्नति गर्न थालिएको हो । बगरफाँटदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर बढी सडकलाई फराकिलो बनाउने, नाली निर्माण गरी ग्राभेलसहित स्तरोन्नति गर्न थालिएको पूर्वाधार विकास कार्यालय म्याग्दीले जनाएको छ । हाँडेभिरबाट बगरफाँटको बुद्ध एकेडेमीसम्मको सडक गत वर्ष नै कालोपत्र भइसकेको छ ।

गत वर्ष गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत बहुवर्षीय योजनाको रुपमा छनोट भएको यस योजनामा पूर्वाधार विकास कार्यालयले रु पाँच करोड ५९ लाखमा सडक स्तरोन्नतिको लागि माछापुच्छे हिमालयन जेभीसँग ठेक्का सम्झौता भएको थियो । यस सडक स्तरोन्नतिको लागि रु १० करोड लागत अनुमान गरी ठेक्का प्रतिस्पर्धामार्फत योजनालाई कार्यान्वयन गराइएको हो ।

यस योजनाबाट बगरफाँदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ग्राभेलसहित स्तरोन्नति गरिने र दूधेखोलादेखि भकिम्ली जोड्ने सडकको विभिन्न खण्डमा ३९० मिटर सडक ढलान गरेर स्तरोन्नति गरिने पूर्वाधार विकास कार्यालय म्याग्दीका इञ्जिनियर सञ्जय सुवेदीले बताए ।

उनका अनुसार, चालु आवमा प्रदेश सरकारबाट यस योजनाको लागि रु एक करोड ६० लाख मात्रै बजेट प्राप्त भएको छ । 'निर्माण व्यवसायी कार्य क्षेत्रमा परिचालन भइसकेको छ, धमाधम सडक स्तरोन्नति गरे अहिले आएको बजेटले निर्माण व्यवसायीलाई काम गरेको भुक्तानी दिन नसक्ने अवस्था छ, हामीले थप बजेटका लागि लेखेर पठाइसकेका छौं', उनले भने । गत जेठमा ठेक्का सम्झौता भएको यस योजनाको निर्माण अवधि १८ महिना मात्रै रहेको छ ।

करिब दुई महिनादेखि कार्यक्षेत्रमा परिचालन भएका निर्माण व्यवसायीले सडक फराकिलो बनाउने, मेसिनरी पर्खाल र ग्याविन जाली लगाउने कामलाई तीव्रता दिएका छन् । अहिलेसम्म करिब १० प्रतिशत काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि निरोज भण्डारीले बताए ।

अहिले कार्यक्षेत्रमा ५० जना बढी मजदुरसँगै आवश्यक मात्रामा निर्माण सामग्री र मेसिन उपकरण परिचालन गरेको र निर्माण कार्यलाई द्रुत गतिमा निर्धारित समयअगावै निर्माण कार्यलाई सम्पन्न गर्ने लक्ष्य राखेको उनले जानकारी दिए ।

मुख्य बस्तीमा सडक विस्तारको क्रममा देखिएको जग्गा विवाद स्थानीयले सहमतिमै टुङ्गो लगाएसँगै निर्माण व्यवसायीले पहिलो चरणमा सडक फराकिलो बनाउने कामलाई जोड दिएका छन् । सडकको मार्ग खुलेको करिब दुई दशकपछि स्तरोन्नति हुन लागेको सडक योजनालाई गुणस्तरीय बनाउन र स्थानीयस्तरमा सहजीकरण गर्न स्थानीयवासीले सहजीकरण समिति गठन गरेर नियमित अनुगमन गर्न थालेका छन् ।

सहजीकरण समितिका संयोजक चन्द्रबहादुर घिमिरेले सडक विस्तारको क्रममा देखिएको जग्गासम्बन्धी विवाद समाधान गरिएको र निर्माण व्यवसायीले गर्ने काममा निगरानी बढाइएको बताए । 'जिल्ला सदरमुकामसँग जोडिएको सडक ओझेलमा परेको थियो, अहिले स्तरोन्नतिको लागि बजेट आएको छ, हामीले यो योजनालाई सफल बनाउँदै कालोपत्रे नै गर्नका लागि थप बजेटको लागि सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने योजना बनाएका छौं,' उनले भने ।

हाँडेभिरदेखि बगरफाँट-दूधेखोला-हल्लेगौडा, मुसुङडोले हुँदै बागलुङको ताराखोला जोड्ने यो सडकमार्गअन्तर्गत दूधेखोलादेखि बास्कुना-थामडाँडा-अर्जेखोला हुँदै मङ्गला गाउँपालिकाको वडा नम्बर ३ र ४ बरङ्जालाई समेत यो सडकले जोडेको छ । गण्डकी प्रदेश सरकारले चालु आवमा पठाएको बजेट योजनाको लागि पर्याप्त नभएकाले थप बजेट व्यवस्थापनको लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले जानकारी दिए ।

पृष्ठ १ बाट जारी

## उप-निर्वाचन...

अध्यक्ष (०७९ मा कांग्रेसले जितेको )
हाल २०८१ मा एमालेको जित हाशिल गरेको छ ।

५. मोरङ : ग्रामथान गाउँपालिका अध्यक्ष (०७९ मा कांग्रेसले जितेको )
हाल २०८१ मा माओवादीको जित हाशिल गरेको छ ।

६. दोलखा : गौरीशंकर गाउँपालिका उपाध्यक्ष (०७९ मा कांग्रेसले जितेको )
हाल २०८१ मा पनि एमालेले नै जित हाशिल गरेको छ ।

७. रुकुमपूर्व : पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष (०७९ मा माओवादीले जितेको )
हाल २०८१ माप पनि माओवादीले नै जित हाशिल गरेको छ ।

८. हुम्ला : सुर्केगाढ गाउँपालिका उपाध्यक्ष (०७९ मा माओवादीले जितेको )
हाल २०८१ मा पनि माओवादीले नै जित हाशिल गरेको छ ।

### वडाध्यक्षहरू

१. ताप्लेजुङ : सिरिजंगा गाउँपालिका वडा नम्बर ३ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा एमालेको जित हाशिल गरेको छ ।

२. झापा : कन्काई नगरपालिका वडा नं ६ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा स्वतन्त्र उम्मेद्वारले जित हाशिल गरेका छन् ।

३. तेह्रथुम : लालीगुराँस नगरपालिका वडा नं ८ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि काग्रेसले नै जित हाशिल गरेको छ ।

४. सुनसरी : गढी गाउँपालिका वडा नम्बर ६ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा नेपाली काङ्गेसले जित हाशिल गरेको छ ।

५. ओखलढुंगा : मोलुङ गाउँपालिका वडा नं. ५ (०७९ मा काङ्गेसले जितेको )
उप निर्वाचन २०८१ मा एमालेले जित हाशिल गरेको छ ।

६. उदयपुर : त्रियुगा नगरपालिका वडा नं. १२ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा माओवादीको जित हाशिल गरेको छ ।

७. उदयपुर : बेलका नगरपालिका पालिका वडा नम्बर ९ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा माओवादीले जित हाशिल गरवेको छ ।

८. सप्तरी : डाक्नेश्वरी नगरपालिका पालिका वडा नम्बर १ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा जसपाले जित हाशिल गरेको छ ।

९. सप्तरी : डाक्नेश्वरी नगरपालिका पालिका वडा नम्बर ४ (०७९ मा कांग्रेसले जितेको ) उप निर्वाचन २०८१ मा जसपा नेपालले जित हाशिल गरेको छ ।

१०.धनुषा : धनुषाधाम नगरपालिका पालिका वडा नम्बर १ (०७९ मा कांग्रेसले जितेको ) उप निर्वाचन २०८१ मा माओवादीले जित हाशिल गरेको छ ।

११.महोत्तरी : रामगोपालपुर नगरपालिका वडा नम्बर २ (०७९ मा माओवादीले जितेको ) उप निर्वाचन २०८१ मा एमालेले जित हाशिल गरेको छ ।

१२.रौतहट : ईशनाथ नगरपालिका वडा नं. ७ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा नेपाली काङ्गेसले जित हाशिल गरेको छ ।

१३.रौतहट : गढीमाई नगरपालिका वडा नं. ८ (०७९ मा जसपाले जितेको )
उप निर्वाचन २०८१ मा समाजबादीले जित हाशिल गरेको छ ।

१४.रौतहट : राजपुर नगरपालिका वडानम्बर ६ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचनमा पनि नेपाली काङ्गेसले नै जित हाशिल गरेको छ ।

१५.नुवाकोट : ककनी गाउँपालिका वडा नं. २ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा माओवादीले जित हाशिल गरेको छ ।

१६.काठमाडौं : काठमाडौं महानगरपालिका वडा नम्बर १६ (०७९ मा कांग्रेसले जितेको)
उप निर्वाचन २०८१ मा रास्वपाले जित हाशिल गरे को छ ।

१७.काठमाडौं : कीर्तिपुर नगरपालिका वडा नम्बर १ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काङ्गेसले नै जित हाशिल गरेको छ ।

१८.काठमाडौं : कीर्तिपुर नगरपालिका वडा नम्बर ४ (०७९ मा स्वतन्त्रले जितेको उप निर्वाचनमा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेको छ ।

१९.मकवानपुर : हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ (०७९ मा माओवादीले जितेको ) उप निर्वाचन २०८१ मा नेपाली काँग्रेसले जित हाशिल गरेको छ ।

२०.गोरखा : गोरखा नगरपालिका वडा नम्बर १२ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा माओवादीले जित हाशिल गरेको छ ।

२१.गुल्मी : मुसीकोट नगरपालिका वडा नम्बर १ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेका छ ।

२२.कपिलवस्तु : शुद्धोधन गाउँ पालिका वडा नम्बर १ (०७९ मा कांग्रेसले जितेको
उप निर्वाचन २०८१ मा एमालेले जित हाशिल गरेको छ ।

२३.रुकुमपूर्व : पुथा उत्तरगंगा गाउँपालिका वडा नम्बर २ (माओवादीको निर्विरोध जीत उक्त स्थानमा पहिला माओवादीले नै जितेको थियो ।

२४.रुकुम पश्चिम : सानीभेरी गाउँपालिका वडा नम्बर ५ (०७९ मा कांग्रेसले जितेको ) उप निर्वाचनमा नेपाली काँग्रेसले जित हाशिल गरेको छ ।

२५.रोल्पा : रुन्टीगढी गाउँपालिका वडा नम्बर ४ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेको छ ।

२६.बर्दिया : ठाकुरबाबा नगरपालिका वडा नम्बर ४ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेको छ ।

२७.जाजरकोट : कुसे गाउँपालिका वडा नम्बर ७ (०७९ मा माओवादीले जितेको )
उप निर्वाचन २०८१ मा नेपाली काँग्रेसले जित हाशिल गरेको छ ।

२८.दैलेख : दुल्लु नगरपालिका वडा नम्बत्रर १३ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा पनि एमालेले नै जित हाशिल गरेको छ ।

२९.बझाङ : सूर्मा गाउँपालिका वडा नम्बर ४ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा नेपाली काँग्रेसले जित हाशिल गरेको छ ।

३०.डोटी : पूर्वीचोकी गाउँपालिका वडा नम्बर ६ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेको छ ।

३१.कालीकोट : तिलागुफा नगरपालिका वडा नम्बर ४ (०७९ मा माओवादीले जितेको ) उप निर्वाचन २०८१ मा नेमकिपाले जित हाशिल गरेको छ ।

३२.डोल्पा : त्रिपुरासुन्दरी नगरपालिका वडा नम्बर ५ (०७९ मा एमालेले जितेको )
उप निर्वाचन २०८१ मा माओवादीले जित हाशिल गरेको छ ।

३३.दार्चुला : दुहु गाउँपालिका वडा नम्बर ५ (०७९ मा माओवादीले जितेको )
उप निर्वाचन २०८१ मा नेपाली काँग्रेसले जित हाशिल गरेको छ ।

३४.कञ्चनपुर : भीमदत्त नगरपालिका वडा नम्बर ६ (०७९ मा कांग्रेसले जितेको )
उप निर्वाचन २०८१ मा पनि नेपाली काँग्रेसले नै जित हाशिल गरेको छ ।

उप निर्वाचनमा परिणाम मिश्रित आएको छ । जनताले पार्टी भन्दा पनि व्यक्ति छान्ने रहेछन् भन्ने मत भएको देखिन्छ ।

अन्तराष्ट्रिय

# अमेरिकी राष्ट्रपति बाइडेनले दिए छोरालाई आममाफी

**वासिङटन –** अमेरिकी राष्ट्रपति जो बाइडेनले दुईवटा फौजदारी मुद्दामा सजाय खेपिरहेका आफ्ना छोरा हन्टरलाई औपचारिक माफी दिएका छन् । बाइडेनले एक विज्ञप्ति जारी गर्दै आफ्ना छोरालाई एक्ल्याइएको दाबी गरेका छन् ।

राष्ट्रपति बाइडेनले आफ्ना छोरा हन्टरविरुद्धका मुद्दालाई उनले 'न्यायको पतन' को संज्ञा दिएका छन् । जसका कारण आफूले माफी दिनुपर्ने अवस्था उत्पन्न भएको बाइडेनको दाबी छ ।

'मैले राष्ट्रपति कार्यालय सम्हालेको दिनदेखि नै न्याय मन्त्रालयको निर्णय प्रक्रियामा कुनै दखल पुर्‍याउँदिनँ भनेको थिएँ र मेरो छोराको अलग्गै रूपमा र अनुचित रूपमा अभियोजन भइरहँदासमेत मैले आफ्नो वचन कायम राखेँ,' उनले भनेका छन् ।

बाइडेनले यसअघि आफ्नो छोरालाई माफी नदिने वा उनको सजाय पनि कम नगर्ने बताएका थिए । तर आफ्नो कार्यकालको अन्तिममा उनले छोरालाई पूर्ण र निसर्त क्षमादान जारी गरेका हुन् ।

गत सेप्टेम्बरमा ह्वाइटहाउसका प्रेस सेक्रेटरीले राष्ट्रपति बाइडेनले आफ्ना छोरालाई क्षमादान नदिने जनाएका थिए । आइतबार बाइडेनले राजनीतिले न्याय प्रणालीलाई संक्रमित पारेको र त्यसले न्यायको गर्भपात गराएको दाबी गरेका हुन् ।

'अब यसलाई थप ढिलो गर्नुको कुनै अर्थ नभएकाले यो निर्णय गरेको हुँ,' बाइडेनले भनेका छन्, 'एक बुवा र एक राष्ट्रपतिले यो निर्णय किन गरे भन्ने अमेरिकीहरूले बुझ्छन् भन्ने मलाई विश्वास छ ।'

हन्टर बाइडेन गत सेप्टेम्बरमा कर मामिलामा दोषी ठहर भएका थिए । त्यसको सजाय तोक्न भने बाँकी रहेको थियो । उक्त मुद्दामा उनलाई १७ वर्ष सम्मको जेल सजाय हुन सक्ने बताइएको थियो ।



त्यस्तै, उनी गत जून महिनामा गैरकानुनी रूपमा बन्दुक किनेको र आफूले लागूऔषध प्रयोग गरेको विषयमा झुटो बोलेकोमा दोषी ठहर भएका थिए । हन्टर कुनै पनि अपराधमा दोषी ठहर भएका बहालवाला राष्ट्रपतिको पहिलो सन्तान हुन् । यसमा उनलाई २५ वर्षसम्मको सजाय हुन सक्ने बताइएको थियो । ती मुद्दाको सजाय तोक्ने दिन डिसेम्बर १२ र १६ का लागि तय गरिएको थियो ।

अमेरिकाको राष्ट्रपतिको पदभार आगामी जनवरी २० देखि डोनाल्ड ट्रम्पले सम्हाल्दैछन् । त्यसअघिसम्म बाइडेन पदमा रहनेछन् । आफैसमेत दोषी ठहर डोनाल्ड ट्रम्पले हन्टरलाई दिइएको क्षमादान 'न्यायको दुरूपयोग र पतन' भएको प्रतिक्रया दिएका छन् ।

हन्टरले दुर्व्यसनीका आफ्ना अँध्यारा दिनमा आफूले गरेको गल्तीलाई राजनीतिक खेलमा आफ्नो परिवारलाई 'सार्वजनिक रूपमा शोषण र अपमानित गर्न प्रयोग गरिएको' दाबी गरेका छन् । 'मलाई आज दिइएको क्षमादानलाई मैले कहिल्यै हलुका रूपमा लिनेछैन । मैले मेरो जीवन बिरामी र पीडामा रहेकालाई सहयोगमा समर्पित गर्नेछु,' ५४ वर्षीय हन्टरले भनेका छन् ।

# बालखैको प्रेम असफल भएपछिको कहानीमा "सम्झना" सार्बजनिक




■ इनिश बुढाथोकी

**काठमाडौं-** नेपाली गीतसंगित क्षेत्रमा पछिल्लो समयमा जीवन सङ्घर्ष, सांस्कृतिक परम्परागत गीत, सामाजिक समस्या र यथार्थ आदी विषयवस्तुमा गीतहरू सार्वजनिक भइरहेको क्रममा २ दिन अघि साङ्गीतिक बजारमा 'सम्झना' बोलको गीत बजारमा सार्वजनिक गरिएको छ ।

सुरज बुढाथोकीको शब्द सङ्गीत र विशाल निरौलाको संगीत सम्योजनमा रहेको यस गीतमा बाल्यकालमा भाडा कुटि खेल्दा खेल्दै माया बसेको पछि वयस्क हुँदै जाँदा बाल्यकालको प्रेम छुटेको विषयवस्तुलाई लिएर म्युजिक भिडियो सार्वजनिक गरिएको छ । बाल्यकालमा हामी सबैले गर्ने रमाइलोहरू जस्तै भाडा कुटि खेलेको, बनमा गएर काफल टिपेर खाएको जस्ता शब्दले समेटिएको गीतलाई सुरज बुढाथोकीकै र रन्जीता विश्वकर्मको सुमधुर स्वरले गीतलाई सजायका छन् ।

सन्जीब ठकुरीको कोरीयोग्राफि रहेको गीतमा सन्जीब स्वयम र यसु भट्टराईको मुख्य भूमिका रहेको छ । सन्जीब र यसुहरुको बाल्यकालको भूमिकामा रेविका श्रेष्ठ र उमङ्ग गौतम रहेका छन् । गीतमा खमेस श्रेष्ठको कथा र निर्देशन रहेको छ ।

रामकृष्ण कँडेलले छायाङ्कन गरेका छन् भने सन्तोष गिरीको युट्युब च्यानलबाट सार्वजनिक भएको उक्त 'सम्झना' बोलको गीतमा सुरज बुढाथोकीको जन्म स्थलमा रहेका केही पर्यटकीय भुगोलहरूलाई समेत समेटेको देखिन्छ ।

# सारमनको 'साथि' गीत बजारमा



काठमाडौं- गायक तथा सर्जक सारमन श्री ल्वागुनको आवाजमा "साथि" बोलको गीत हालै सारमन अफिसियल युटुब च्यानलमार्फत सार्वजनिक भएको छ।

उक्त गीतमा सारमनले आफ्नै शब्द र संगीत प्रस्तुत गरेका छन्, जसले गीतलाई थप विशेष र भावनात्मक बनाएको छ। गीतको एरेन्जरको भूमिकामा गोपाल रसाइली छन् भने, यसका निर्देशक र छायांकन विकास सापकोटाले गरेका छन्। गीतको भिडियोमा सुमन तिवारी, सरमन श्री ल्वागुन र सुमना तिवारीको अभिनय आकर्षक रुपमा देखिन्छ ।

"साथि" गीतको कथा दुई प्रेमीको बिछोडको मार्मिक पार्ने घटनामा आधारित छ, जसले छोटो समयमै दर्शकमाझ निकै चर्चा कमाएको छ ।

# प्रियंकाको "ममी"को रिलिज माघ २५ गतेलाई तय

चर्चित रियालिटी शो 'रोडिज'का दुई निर्णायक प्रियंका कार्की र दीया मास्के पहिलोपटक फिल्ममा एकसाथ देखिँदैछन् । त्यो फिल्म हो, 'ममी' । हरर जनरामा निर्माण भएको यो फिल्ममा उनीहरुले मुख्य भूमिका निभाएका छन् । मंगलबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी माघ २५ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको छ ।





सार्वजनिक पोस्टरमा प्रियंका र दीया चित्रित छन् । र, विरालोको आँखालाई देखाइएको छ । दीया रगताम्य अनुहारसहित डरलाग्दो रूपमा प्रस्तुत छिन् भने प्रियंका गम्भीर भावमा देखिएकी छन् । उनीहरुलाई रुखको आकारमा प्रस्तुत गरिएको छ । सुकेको रुखको फेदमा एउटा घर पनि देख्न सकिन्छ । फिल्मको कथा रुख र घरको वरिपरि केन्द्रित रहेको पोस्टरले संकेत गर्छ ।

समर निरौलाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा प्रियंका र दीयासँगै सुलक्षण भारती, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गुराँस ढकाल, रिना ढकाल लगायतको अभिनय छ । एक परिवारमा छोरी र कुकुरको निधनपश्चात रहस्यमय कालो विरालो अपनाएसँगै निम्तने विपत्तिलाई फिल्मले देखाउनेछ ।

एसओ ट्वान्टी फाइभको प्रस्तुति रहेको फिल्मको निर्माता लोकराज जोशी र पूर्णिमा जोशी हुन् । सुमन कोइराला कार्यकारी निर्माता रहेको फिल्मलाई शरद महतोले छायांकन गरेका हुन् । फिल्मको वितरण काफिया फिल्मस् र कुवेर सिने डिस्ट्रीब्यूसनले गर्नेछन् ।

# वर्षा रिसाउादा "तेल भिसा"का निर्देशक लाई घाटा





लगभग ७० प्रतिशत छायांकन अमेरिकामा गरिएको फिल्म 'तेल भिसा' यतिबेला हलमा प्रदर्शनरत छ । प्रतिक्रिया राम्रो मिलेको भए पनि हलमा दर्शकको उपस्थिति अपेक्षित नहुँदा फिल्मले घरेलु बजारबाटै लगानी उठाउने सम्भावना टरिसकेको छ । यही बिहीबार आउन लागेको साउथ फिल्म 'पुष्पा २'का कारण धेरै हलबाट फिल्म उत्रने देखिन्छ । फिल्ममा लगानी मात्र तीन करोडमाथि छ ।

'तेल भिसा'को करिब एक महिना अमेरिकामा छायांकन भएको थियो । त्यसका लागि नेपालबाट अभिनेता विपिन कार्की, अभिनेत्री वर्षा राउत, छायाँकार सुशन प्रजापतिसहितको टिम अमेरिका पुगेको थियो । छायांकनका लागि अनुमति नै लिइएकाले अमेरिका सेड्युलमा निर्माण टिमले ठूलो समस्या बेहोर्नुपरेन । तर, वर्षाका कारण भने एक दिन छायांकन रोकिएको रहेछ ।

हालै एक अन्तर्वार्तामा फिल्मका निर्देशक शंकर घिमिरेले टेक्निकल टिमसँग वर्षाको झगडा पर्दा एक दिन छायांकन रोकिएको बताए । 'उहाँको टेक्निकल टिमसँग झगडा पर्दा एक दिन छायांकन नै हुन पाएन । हामीले हरेक ठाउँमा अनुमति लिएर छायांकन गरेका थियौं । त्यहाँ एक दिन ब्रेक हुनु भनेको ठूलो घाटा हो । दिनकै हिसाब गर्ने हो भने ५/७ हजार डलर खर्च हुन्छ,' उनले भने ।

छायांकन नै रोकिएपछि आफ्नो चित्तदुखाई वर्षासँग राख्दा उनले माफी मागेको निर्देशक घिमिरेले बताएका छन् । यद्यपि, उनलाई आफू पुरानो मेकर भएर फिल्मलाई नपत्याएको हो कि भन्ने लागेको रहेछ । तर, आफूले सबै कलाकारलाई राम्रो व्यवहार गरेको उनको भनाई छ । उनी फिल्मको टिम परिवारको सदस्यजस्तै हुने भएकाले रिसाउनु र मिल्नुलाई भने सामान्य नै मान्छन् ।

सोही अन्तर्वार्तामा शंकरकी श्रीमती तथा अभिनेत्री ॠचा घिमिरेले वर्षा मुडी स्वभावको रहेको बताएकी छन् । उनले भनेकी छन्, 'धेरै भागदौड भएकाले अमेरिका सेड्युलमा ऊ (वर्षा)सँग त्यस्तो समय बिताउन पाइएन । पर्सनल लेभलमा वर्षा अलिकति मुडी छ । झट्ट रिसाइहाल्ने, झट्ट खुसी भइहाल्ने स्वभाव छ उसको । तर, उसको मनमा पाप छैन जस्तो लाग्छ ।' उनले वर्षाको कामको भने खुलेर प्रशंसा गरेकी छन् । उनको डाइलग डेलिभरीबाट ॠचा प्रभावित भएकी छन् ।

# मल्टीस्टारर फिल्म बनाउन पल्किए दिनेश राउत

करिअरको उत्कर्षमा रहेको समयमा कलाकारहरु मल्टीस्टारर फिल्म गर्न हम्मेसी चाहँदैनन् । फिल्म सफल भए पनि जस अरुले नै पाउने भय प्रायःमा देखिन्छ । यो किसिमको सोच नयाँ पुस्तामा बढी छ । कलाकारहरुबीचको इगोले पनि मल्टीस्टारर फिल्म निर्माणमा कमी आएको देखिन्छ । 'स्टार' कलाकारहरु एकअर्कासँग काम नै गर्न चाहँदैनन् भन्ने भाष्य बनेको छ ।

तर, यस वर्ष प्रदर्शनमा आएको फिल्म 'पूजार सार्की'ले भने चल्तीका कलाकारलाई एकजुट बनाएर फिल्म बनाउन सम्भव छ भन्ने उदाहरण पेश गऱ्यो । यसको जस निर्देशक दिनेश राउतलाई जान्छ । उनीप्रतिको विश्वासले नै फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको सहकार्य जुर्न सम्भव भएको थियो । उनीहरुको स्टारडमका कारण फिल्मको व्यापार पनि मजबूद रह्यो ।

'पूजार सार्की'को व्यावसायिक सफलतापछि मल्टीस्टारर फिल्म बनाउने ट्रेन्ड एकपटक फेरि सुरु भएको देखिन्छ । अहिले निर्माण भइरहेका र निर्माणको तयारीमा रहेका कतिपय फिल्ममा चलेका कलाकार हरुको ठूलै जत्था छ । निर्देशक राउत स्वयं पनि मल्टीस्टारर फिल्म बनाउन पल्किएका छन् । आगामी माघमा 'महाभोज' शीर्षकमा फिल्म बनाउन लागेका उनले यसमा कलाकारको 'लाइनअप' शक्तिशाली बनाएका छन् ।

दयाहाङ राई, खगेन्द्र लामिछाने, आर्यन सिग्देल, मिरुना मगर, अञ्जना बराइली, मलिका महत, अनुपविक्रम शाही फिल्मको शीर्ष भूमिकामा देखिँदैछन् । कलाकारको यो 'लाइनअप'ले नै फिल्मको सफलता देखाउँछ । आर्यन त निर्देशक राउतका 'लक्की चार्म' नै हुन् । अञ्जनासँग उनको 'पूजार सार्की'मा सहकार्य भएको थियो । अन्य कलाकारहरुसँग भने उनको पहिलो सहकार्य हुनेछ ।

'पूजार सार्की'अघि निर्देशक राउतले'प्रसाद'लाई मल्टीस्टारर बनाएका थिए । यसमा विपिन कार्की, नम्रता श्रेष्ठ र निश्चल बस्नेतको मुख्य भूमिका थियो । फिल्म सफल पनि भयो । 'महाभोज'लाई भने उनले आफ्नो करिअरकै ठूलो मल्टीस्टारर फिल्म बनाउन खोजेको देखिन्छ । उनको यो प्रयास कहीँ न कहीँ फिल्मको व्यावसायिक सफलताका लागि रहेको नकार्न सकिँदैन ।



# दिनेश राउतको "महाभोज"मा थपिए खगेन्द्रदेखि अञ्जनासम्म



फिल्म 'पूजार सार्की'को व्यावसायिक सफलतापछि अब निर्देशक दिनेश राउत नयाँ फिल्म 'महाभोज' बनाउने तयारीमा छन् । पहिला यो फिल्मको नाम ' गाउँ नै रमाइलो' थियो । तर, यो नामले कथावस्तुलाई न्याय नगर्ने भएपछि शीर्षक परिवर्तन गरेर 'महाभोज' राखिएको हो । आगामी माघ १ गतेबाट छायांकन सुरु हुने फिल्ममा कलाकारको 'लाइनअप' बलियो बनेको छ ।

यसअघि फिल्ममा दयाहाङ राई, आर्यन सिग्देल र मिरुना मगरलाई अनुबन्धित गरिएको थियो । अब फिल्ममा खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, अनुपविक्रम शाही, बुद्धि तामाङ र कमलमणि नेपाल निश्चित भएका छन् । कसको जोडी कोसँग बाँधिनेछ, त्यसबारेमा भने जानकारी गराइएको छैन । कलाकारको 'लाइनअप' हेर्दा फिल्म हेर्न दर्शकलाई रोचक हुने देखिन्छ ।

फिल्ममा विकास सुवेदीको लेखन छ । यसअघि उनले 'प्रकाश' र 'पूजार सार्की'को पनि स्क्रिप्ट तयार पारेका थिए । फिल्मको निर्माण भने 'नाङ्गो गाउँ'का निर्माता हिमाल कडरियाले गर्नेछन् । उनको दोस्रो फिल्म 'दुःखी आत्मा'को केही हप्ताअघि मात्र छायांकन सकिएको थियो । पहिलो फिल्म सफल भएपछि उनी निर्माणमा हौसिएका छन् ।

सामाजिक विषयवस्तुमा बन्न लागेको 'महाभोज' लाई आगामी जेठमा रिलिज लक्ष्य राखिएको छ । यसअघि निर्देशक राउतको 'पूजार सार्की' पनि जेठमा नै रिलिज भएको थियो । उनले जेठ महिनालाई 'लक्की' मानेको देखिन्छ । उनले यसअघि 'प्रसाद', 'प्रकाश', ' नोभेम्बर रेन', 'क्लासिक' जस्ता कहिले रोमान्टिक त कहिले सामाजिक कथामा आधारित फिल्मको निर्देशन गरिसकेका छन् ।

# खानपानले चौथो चरणको क्यान्सर पनि निको हुन्छ ?

भारतीय राजनीतिज्ञ, टेलिभिजन पर्सनालिटी तथा पूर्वक्रिकेटर नवजोत सिंह सिद्धूले केही दिनअघि आफ्नी पत्नी नवजोत कौर सिद्धू क्यान्सरमुक्त भएको घोषणा गरेका थिए । पञ्जाब, अमृतसर स्थित आफ्नो निवासमा आयोजित पत्रकार सम्मेलनमा सिद्धूले श्रीमतीले आफ्नो आहारमा केही कुरा समावेश गरेर चौथो चरणको क्यान्सरलाई जितेको जनाएका थिए ।

सिद्धूले आफ्नी श्रीमतीको आहारमा कागती पानी, काँचो बेसार, स्याउको सिरका, निमको पात, तुलसी, फर्सी, अनार, अमला, चुकन्दर र ओखर जस्ता चीज समावेश गरेकाले उनी स्वस्थ भएको बताएका थिए । उनले भनेका यी कुरा अहिले सोसल मिडियामा भाइरल छ । नेपालमा पनि यो विषयमा चर्चा भइरहेको छ । यस्तोमा खानपानको सहयोगले साँच्चै क्यान्सर निको हुन्छ त भन्ने प्रश्न उठ्छ ।

यस विषयमा पाटन अस्पतालका क्यान्सररोग विशेषज्ञ डा. अरुण शाही भन्छन्, ‘यो विषय अहिले सोसल मिडियामा धेरै भाइरल भइरहेको छ । त्यसैले यो विषयमा भारतका एक जना चिकित्सकसँग मैले पनि कुरा गरेको थिएँ । उहाँका अनुसार नवजोत सिंह सिद्धूको श्रीमती आफैं एक चिकित्सक हुन् र उनले क्यान्सरका लागि शल्यक्रिया, किमोथेरापी, रेडियोथेरापी सबै उपचार गरिसक्नुभएको रहेछ ।’

उपचारपछिको समय ‘रेमिसन’ क्यान्सर अझै पनि शरीरमा हुनसक्छ वा केही लक्षण हुनसक्छ । किमोथेरापीको केही साइड-इफेक्ट देखिएको बेलामा सिद्धूकी श्रीमतीलाई जे-जे खानेकुरा खान दिइयो त्यसले लक्षण कम हुँदै गयो । त्यसपछि उनको मनमा यो खानपानका कारण भयो भन्ने परेको हुनसक्छ । त्यसैले उनले खानपानको कारण निको भयो भने । तर क्यान्सर निको पार्न सही उपचार र खानपान दुवैको भूमिका हुन्छ ।

बेसार, स्याउ, निमको पातले क्यान्सर निको हुन्छ कि हुँदैन भन्ने कुरा अनुसन्धानको विषय हो । तर काँचो बेसार, स्याउ र ओखरमा भएको फाइटोकेमिकल्सले क्यान्सरसँग लड्न मदत गर्ने पोषणविद् भूपाल बानियाँ बताउँछन् ।

बेसारमा भएको फाइटोकेमिकल्सले क्यान्सरलाई पूर्ण रुपमा निको पार्छ भन्दा पनि क्यान्सरसँग लड्न भने सहयोग गर्छ भन्न सकिने बानियाँ बताउँछन् ।

भारतको टाटा मेमोरियल अस्पतालका क्यान्सर विशेषज्ञ चिकित्सकहरूले यो दाबीसँग असहमति जनाएका छन् । उनले एक पत्र जारी गर्दै यी भनाइलाई समर्थन गर्ने कुनै वैज्ञानिक प्रमाण नभएको बताए ।

नवजोत सिंह सिद्धुको दाबीपछि प्रश्न उठ्यो- काँचो बेसार, कागती पानी र निमको पातले क्यान्सर निको हुन्छ ?

टाटा मेमोरियल अस्पतालका क्यान्सर विशेषज्ञहरुका अनुसार यो प्रश्नको उत्तर ‘हुँदैन’ नै हो । यी चिकित्सकहरुले विज्ञप्ति जारी गरे । विज्ञप्तिमा उल्लेख छ, ‘सोसल मिडियामा एउटा भिडियो भाइरल भइरहेको छ । यसमा एक पूर्वक्रिकेटरले आफ्नी श्रीमतीको क्यान्सरको उपचारको बारेमा कुरा गरिरहेका छन् । भिडियोमा उहाँले बेसार र निमको प्रयोगले श्रीमतीको क्यान्सर निको पार्न मद्दत गऱ्यो भनेर भन्नुभएको छ । यसलाई समर्थन गर्ने कुनै वैज्ञानिक प्रमाण छैन ।’

अप्रमाणित उपचार पद्धति नपछ्याउन र आफ्नो उपचारमा ढिलाइ नगर्न उनीहरुले अपील समेत गरेका छन् । शरीरमा क्यान्सरको कुनै लक्षण देखिएमा डाक्टरसँग परामर्श लिइहाल्न उनीहरुको आग्रह छ ।

नवजोत सिंह सिद्धूकी श्रीमती नवजोत कौर सिद्धू डाक्टर हुन् । उनले पञ्जाब स्वास्थ्य विभागमा काम गरेकी छिन् । भारतकी अर्की क्यान्सर विशेषज्ञ डा. कनुप्रिया भाटिया पन्जाबको लुधियानाको मोहन दाइ ओसवाल अस्पतालमा मेडिकल अन्कोलोजिस्टको रूपमा काम गरिरहेकी छिन् ।

उनी भन्छिन्, ‘मेरो क्लिनिकमा आउनेमा कम्तीमा ३०-४० प्रतिशत मानिस लामो समयदेखि क्यान्सरबाट पीडित छन्, तर उपचारका लागि जडीबुटीमा निर्भर छन् ।’

उनी अगाडि भन्छिन्, ‘आज पनि देशको ठूलो वर्ग शिक्षित नभएका कारण बिरामीले चिकित्सकको सल्लाहको सट्टा जडीबुटीको सहारा लिने गरेका छन् । उनीहरू सामाजिक



सञ्जालमा देखेका कुरामा विश्वास गर्छन् र आफैं उपचार गर्ने प्रयास गर्छन् । यो धेरै हानिकारक हुनसक्छ । सही समयमा उपचार भएमा क्यान्सर निको हुन्छ ।’

कसैको शरीरमा क्यान्सरको लक्षण देखिएमा तुरुन्तै डाक्टरसँग परामर्श लिन उनी सुझाउँछिन् । सामाजिक सञ्जालमा देखेपछि खानपिन बदल्न थालियो र घरेलु उपचार गर्न थालियो भने समस्या झन् बढ्न सक्छ । सही समयमा डाक्टरको सल्लाह नपाउँदा र उपचार सुरु नगर्दा क्यान्सर यस्तो चरणमा पुग्छ जहाँ उपचार गर्न नै गाह्रो हुने उनी बताउँछिन् ।

### खाने बानीबारे के भन्छन् डाक्टर ?

खानपान र जीवनशैली परिवर्तन गरेर मात्र क्यान्सर निको नहुने चिकित्सकहरु बताउँछन् । तर उचित खाने बानी क्यान्सर उपचारको एक महत्वपूर्ण भाग अवश्य हो ।

डा. जसबीर औलख पञ्जाब स्वास्थ्य विभागका उपनिर्देशक हुन् । उनी भन्छन्, ‘ हाम्रो खाने बानी एकदमै खराब भएको छ । भिडियोमा उल्लेख गरिएका कुराहरू गलत होइनन्, तर केही वर्ष फर्केर हेर्दा हामीले यी चीजहरू सामान्य रूपमा खान्थ्यौं ।’

उनी अगाडि भन्छन्, ‘पहिलेका जमानामा मानिसहरूले सूर्यास्तपछि खाना खाँदैनथे र बिहान १० बजेतिर पहिलो खाना खान्थे, जसलाई अहिले अन्तरिम उपवास भनिन्छ । यी सबै चीज स्वास्थ्यका लागि राम्रो हुन्छ । तर यसले क्यान्सर निको हुन्छ भन्नु चाहिं गलत हुन्छ ।’

डा. कनुप्रिया भाटिया पाँच प्रतिशतभन्दा कममा मात्रै क्यान्सरको कारण पत्ता लगाउन सकिने बताउँछिन् । ‘क्यान्सरको कारण सामान्यतया थाहा हुँदैन । यी सबै चीज स्वास्थ्यका लागि राम्रो छन् । तर यसले क्यान्सर निको हुन्छ भन्नु गलत हुनेछ’ उनी भन्छिन् ।

डा. कनुप्रियाका अनुसार ‘क्यान्सरको उपचारको मात्रै कुरा गर्ने हो भने यसलाई चार भागमा बाँडिएको छ । पहिलो शल्यक्रिया, दोस्रो केमोथेरापी, तेस्रो विकिरण र चौथो इम्युनोथेरापी हो । चारै चरणको उपचारको मेरुदण्ड भनेको राम्रो खाने बानी पनि भएको उनी बताउँछिन् ।

उनी भन्छिन्, ‘तर यो आहार विशेषज्ञ वा क्यान्सर विशेषज्ञले मात्र दिनुपर्छ भन्ने कुरा महत्त्वपूर्ण छ । अन्कोलोजी पढ्दा हामीलाई उपचारमा आवश्यक राम्रो आहारको बारेमा सिकाइन्छ । त्यसैले सामाजिक सञ्जालमा आउने जानकारीबाट बिरामीलाई प्रभावित नगर्न अपील गर्छु । आफैं केही पनि खान र पिउन सुरु नगर्नुहोस् । यो हानिकारक हुन सक्छ ।’

# दिगो गतिशीलतामा उत्कृष्ट योगदानका लागि एमएडब्लू ग्रुप सम्मानित




काठमाडौं- नेपाल -नोभेम्बर २८, २०२४ विद्युतीय सवारी साधन (ईभी) को क्षेत्रमा नेतृत्व र बिक्री कार्यसम्पादनका लागि एमएडब्लू ग्रुपले प्रतिष्ठित फोटोन ग्लोबल अवार्ड २०२४ मा दुईवटा महत्वपूर्ण सम्मान प्राप्त गर्दै विश्वव्यापी मञ्चमा आफ्नो मान्यता स्थापित गरेको छ ।

अवार्ड कार्यक्रममा एमएडब्लू ग्रुपका प्रबन्ध निर्देशक विष्णु कुमार अग्रवाललाई लिडरशिप इन न्यु इनर्जी प्रोमोसन अवार्ड २०२४ प्रदान गरिएको थियो । यो मान्यताले नेपालमा फोटोन ईभी सवारी साधनहरू अपनाउदै दिगो ऊर्जा समाधानतर्फ राष्ट्रको यात्रामा अग्रणी भूमिका निर्वाह गर्ने एमएडब्लू वृद्धी कमर्शियलको महत्त्वपूर्ण भूमिकालाई सम्मान गर्दछ ।

ग्रुपलाई थप पहिचान दिलाउने क्रममा एमएडब्लू वृद्धी कमर्शियलका सीईओ तुषार गुप्ताले नेपालमा ईभी भ्यानका लागि एक्सेलेन्स इन सेल्स अवार्ड २०२४ प्राप्त गरे । यस उपलब्धिले एमएडब्लू ग्रुपको अतुलनीय बिक्री सफलता र यस क्षेत्रमा ईभी बजारलाई पुनस्प रिभाषित गर्ने नवीन रणनीतिहरूलाई प्रकाश पार्छ ।

अवार्डहरू फोटोन ग्रुपका उपाध्यक्ष र फोटोन ओभरसिज बिजनेसका अध्यक्ष फू जुन स्वयमले प्रदान गरेका थिए । प्रतिष्ठित व्यक्तित्वबाट प्राप्त यो मान्यताले एमएडब्लू ग्रुपको ईभी उद्योगमा विश्वव्यापी प्रभावलाई जोड दिन्छ ।

यी अवार्डहरूले नेपालमा ‘इनर्जी-इफिसियन्ट’ गतिशीलतालाई अगाडि बढाउन एमएडब्लू ग्रुपको अटल समर्पणलाई पुष्टि गर्दछ । दिगोपनका लागि विद्युतीय सवारीसाधनलाई विस्तार गरेर समूहले राष्ट्रको अटोमोटिभ उद्योगमा नयाँ मानकहरू स्थापित गरेको छ ।

फोटोन ग्लोबलले दिगो ऊर्जा र गतिशीलतामा एमएडब्लू ग्रुपको परिवर्तनकारी योगदानलाई स्वीकार गरेको छ । यी मान्यताहरूले ईभी क्षेत्रमा ट्रेन्डसेटरको रूपमा समूहको प्रभाव र हरित भविष्यलाई आकार दिने प्रतिबद्धतालाई समेत जोड दिन्छ ।

सुरक्षित अन्न भण्डारण गरौं

◆ भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
◆ अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
◆ भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
◆ स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
◆ भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
◆ अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
◆ अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार